# १६

# क्लाउस हराउँछ

खीष्टमसको दिन बितेको थियो; दानिएल आफ्नो रातो गाला आफ्नो पाखुरामा राख्दै मस्त सुतिरहेको थियो। दानिएकको बुवा पारि गोठमा हुनुहुन्थ्यो भने अनिता चुल्होको एक पट्टि र हजुरआमाचाहिँ चुल्होको अर्को पट्टि बसिरहेका थिए। हजुरआमाले आफ्ना नातिनातिनीहरूको लागि ऊनका सेता मोजाहरू बुनिरहनुभएको थियो, र अनिताले चाहिँ काम गर्दा लगाउने बाहिरी भोटो तुनिरहेकी थिइन्, तर वास्तवमा तिनको भोटो त भुइँमा सुत्त खसेको थियो, अनि तिनी त्यत्तिकै आफ्ना हातहरूमा टाउको अड्याएर आफ्नो अघिल्तिर आँखा तन्काएर एकोहोरो हेरिरहेकी थिइन्। 'अनिता!' आफ्नो बुन्ने कामदेखि आँखा नउठाईकनै हजुरआमाले अचानक सोध्नुभयो; 'तिम्रो लागि खीष्टमस रमाइलो भयो त?' 'हजुर, बज्यै!' अनिताले निक्कै खल्लो लागेर जवाफ दिइन्; किनभने तिनलाई शिष्ट भएर त्यही नै भन्नुपर्छ जस्तो लाग्यो; त्यसपछि अचानक तिनले थपिन्ः 'बज्यै, प्रभु येशूले हाम्रो हृदयको ढोकामा ढकढकाउनुहुन्छ भनेको अर्थ के होला?'

'यसो भनेको ...,' आफ्नो बुन्ने काम एकातिर राखेर हजुरआमाले अनितालाई पूरा ध्यान दिएर भन्नुभयो, 'प्रभु येशूले अनेक कुकर्म र दुष्ट विचारहरूले भरिएको तिम्रो जीवन देख्नुहुन्छ। उहाँ यस

संसारमा आउनुभयो, र क्रूसमा तिम्रो सट्टामा यी सब खराब काम र दुष्ट विचारहरूको सजाय भोगेर उहाँ मर्नुभयो। त्यसपछि प्रभु येशू फेरि जिउँदो हुनुभयो; उहाँ तिम्रो जीवनमा आउन र तिमीभित्र जिउन चाहनुहुन्छ। उहाँ यी सारा खराब विचारहरू तिम्रो मनदेखि निकालेर तिनको सट्टामा उहाँका प्रेममय, असल विचारहरू तिमीभित्र हाल्न चाहनुहुन्छ। यो त्यस मानिसले गरेजस्तै हो, जसले यसो भन्दै फोहोर, अन्धकार र धूलोमैलोले भरिएको एउटा घरको ढोकामा ढकढकाइरहेको छः 'तिमीले मलाई भित्र आउन दिन्छौ भने म त्यो धूलोमैलो र अन्धकार हटाउनेछु र यस घरलाई सुन्दर र सफा बनाइदिनेछु।' तर यो कुरा याद राखः प्रभु येशूले भित्र पस्न कहिल्यै बल गर्नुहुन्न। उहाँ तिम्रो हृदयभित्र आउनको निम्ति आग्रह गर्नुहुन्छ, त्यत्ति मात्र। ढकढकाउनु भनेको त्यही नै हो। तब तिमीले भन्नुपर्छः ज्यू, प्रभु येशू, मलाई तपाईंको खाँचो छ; तपाईं भित्र आउनुहोस् र मभित्र वास गर्नुहोस्।' हृदयको ढोका खोल्नु भनेको यही हो।'

अनिताका आँखा हजुरआमामा एकटक लगाइएका थिए। लामो मौनता छाएको थियो। त्यसपछि आफ्नो मुढ़ा नजिक सार्दै र उहाँको घुँड़ामाथि अड़ेसिँदै अनिताले यसो भन्दै प्रश्न गरिन्ः 'तर बज्यै, म कसैलाई घृणा गर्छु भने मैले प्रभु येशूलाई भित्र आउने अनुरोध गर्न सक्दिनँ, होइन र?' 'कसैलाई तिमी घृणा गर्छ्यौ भने,' हजुरआमाले जवाफमा भन्नुभयो; 'यस कुराले के देखाइदिन्छ भने प्रभु येशूलाई पुकारेर भित्र आउनुहोस् भन्न तिमीलाई झन् बढ़ी खाँचो रहेछ। कोठा जति अँध्यारो छ, त्यति नै बढ़ी त्यहाँ उज्यालोको खाँचो हुन्छ।' 'तर मैले लुसियान्लाई घृणा गर्ने बानी छोड्न सक्दिनँ,' भावुक हुँदै आफ्ना लामा चुल्ठीहरूमा औंला सलबलाउँदै अनिताले मलिन स्वरमा भनिन्। 'होइन, होइन,' हजुरआमाले भन्नुभयो; 'तिमी एकदम ठीक भन्दैछ्यौ। कसैले पनि आफ्ना दुष्ट विचारहरू मनमा उठ्नदेखि रोक्न सक्दैन; अनि रोक्न खोज्नुमा त्यति फाइदा देखिँदैन। तर अनिता, विचार गर नः बिहान जब तिमी तल भान्सा-कोठामा आउँछ्यौ, र यो कोठा यसका झ्यालका पर्दाहरू बन्द भएकोले अँध्यारो भएको भेट्टाउँछौ, तब के तिमीले आफ्नै मनमा यसो भन्छ्यौः मैले पहिले यस अन्धकारलाई

धपाएर निकाल्नैपर्छ, त्यसपछि मात्रै म झ्यालका पर्दा खोल्न सक्छु र घामको उज्यालो भित्र छिर्न दिनेछु? के तिमी अन्धकार हटाउनुमा आफ्नो समय बरबाद गर्छ्यौ?'

'अवश्य म यसो गर्दिनँ,' अनिताले भनिन्।

'त्यसो भए तिमीले त्यो अन्धकार कसरी हटाउँछ्यौ त?'

'म त झ्यालका पर्दा घर्‍याङ्ग तानेर खोल्छु; अनि उज्यालो भित्र आइहाल्छ।'

'तब अँध्यारोलाई के भयो नि?'

'त्यो मलाई थाहा छैन; यति मात्र म जान्दछु: जब उज्यालो आउँछ, तब अँध्यारो त्यत्तिमै जाइहाल्छ।'

'जब तिमीले प्रभु येशूलाई आफ्नो हृदयभित्र आउने विन्ती गर्छ्यौ, तब तिम्रो मनमा ठीक यस्तै नै हुन्छ,' हजुरआमाले भन्नुभयो; 'प्रभु येशू प्रेम हुनुहुन्छ; अनि जब उहाँको प्रेम तिम्रो मनभित्र आउँछ, तब घृणा गर्ने, स्वार्थी र निर्दयी भावना हटेर गइहाल्छन्; जसरी तिमीले घामको उज्यालो भित्र छिर्न दिनेबित्तिकै अन्धकारले कोठा छोड़िहाल्छ। तर प्रभुको सहायताबिना यस्ता पापी भावनाहरू मनदेखि हटाउन खोज्नु र कोठाबाट अन्धकार धपाउन खोज्नु एउटै हुन्छ। यसो गर्न खोज्नेले आफ्नो समय खेर फालेको मात्रै हो।'

अनिता केही बोलिनन्। तिनी केही बेरसम्म भित्तामा टोलाइरहिन्; त्यसपछि खुइय्य गर्दै तिनले आफ्नो काम गर्दा लगाउने भोटो उठाइन् र चुपचापसित त्यसलाई तुनिरहिन्। एकछिनपछि तिनी उठिन्, र केही नभनीकन हजुरआमालाई म्वाइँ खाई बिदा भइन्, र आफ्नो ओछ्यानतिर लागिन्। तर तिनी धेरै बेरसम्म निदाउन सकिनन्। तिनी ओल्टिँदै–पल्टिँदै र विचार गर्दै पलङ्गमै पल्टिरहिन्। 'निश्चय नै,' तिनले मनमनमा भनिन्; 'मैले प्रभु येशूलाई भित्र बोलाएँ भने मैले लुसियान्सँग मिल्नैपर्छ, र त्यसो हुन म चाहँदिनँ। अनि मेरो ख्यालमा, मैले कसरी उसको कुँदेको घोड़ा फुटाइदिएँ, त्यो मैले उसलाई भन्नैपर्छ, र त्यो म कहिल्यै, अहँ, कहिल्यै गर्न सक्दिनँ। त्यसो भए मैले यो ढकढकाइ बिर्सिदिने कोशिश गर्नुपर्ला; र पनि म अति दुःखी छु।' तिनलाई यो कुरा थाहा थिएनः जसले प्रभु येशूलाई ढकढकाइरहनुभएको

सुन्छ, र उहाँलाई भित्र आउन दिँदैन, उसैले खुशीआनन्द पनि बाहिरै थुनिराखेको हुन्छ। तिनको विचारमा, यी सब कुराहरू बिर्सिदिएर तिनी अर्कै तरिकाले खुशी हुन सक्नेथिन्। यसैकारण तिनले आफ्नो तातो तकिया ओल्टाइन्, र मस्त गरी ननिदाएसम्म खर्कतिर दौड़िरहेका बाख्राहरू गिन्ती गर्दैरहिन्।

तर निद्रामा तिनले एउटा अँध्यारो घरको सपना देखिन्, जसका झ्यालहरूबाट कुनै बत्तीको किरण देखा परेन, जसको ढोका बन्द भएको थियो र ताल्चा मारिएको थियो। कोही व्यक्ति राति हिउँले ढाकेको चउरबाट त्यहाँ आइपुगे; तिनले बाटैभरि उनका पदचिन्ह देख्न सकिन्। यी पाहुनाले बिस्तारै र धैर्यसाथ त्यस घरको ढोकामा ढकढक गरे, तर ढोका खोल्न कोही पनि आएन। उनले अँध्यारोमा छेस्किनी छामे, तर त्यहाँ छेस्किनी थिएन। उनले ढकढकाइरहे, ढकढकाइरहे, अनि ढकढकाइरहे। अनिता नबिउँझेसम्म उनले ढकढकाइरहे, तर त्यस बेलासम्म न कसैले जवाफ दिएको थियो, न त्यस घरका झ्यालहरूबाट कुनै बत्तीको उज्यालो देखा परेको थियो। 'शायद त्यहाँ कोही थिएन होला,' अर्धनिद्रामा भई अनिताले आफ्नो मनमनमा विचार गरिन्। तर त्यहाँ कोही थियो भन्ने कुरा तिनलाई राम्रोसँगै थाहा थियो; तर त्यसले ढोका खोल्न नचाहेको मात्र।

आफ्नो लुगा लगाउँदा र तल खाजा खान जाँदा त्यो सपनाको खल्लोपना तिनीसँगै अल्झिरह्यो। भान्सामा पुग्दा तिनले सब कुरा गोलमाल भइरहेको भेट्टाइन्; किनभने क्लाउस हराएको थियो र त्यसलाई नभेट्टाएसम्म दानिएल आफ्नो खाजा खान मान्दैनथियो। 'उसले त मलाई बिहानै जहिले पनि उठाउँछ,' दानिएलले तातिँदै भन्यो; 'ऊ मकहाँ आएर घुरघुर गर्छ; तर आज बिहानै त ऊ छँदैथिएन। हिजो बेलुकी म सुत्न जानुभन्दा अघि ऊ बाहिर गएको थियो, र अहिलेसम्म ऊ फर्केर आएकै छैन।' दानिएल साह्रै बेखुशी थियो, र सबैजनाले उसलाई सान्त्वना दिन खोजे। दानिएलको बुवाले गोठहरूहुँदा क्लाउसलाई खोज्न जानुभयो भने हजुरआमाले भान्साभरि खोजखाज गर्नुभयो। अनि दानिएलले चाहिँ क्लाउस हुन सक्ने र हुन नसक्ने सब ठाउँहरूमा, एउटै पनि नछोड़ी खोजतलास गर्‍यो। अनिता माथि तलामा गइन्, र सुत्ने

कोठाहरूमा खोजिन्, तर सब व्यर्थ थियो। क्लाउसलाई कहीं भेट्टाउन सकिएन। दानिएलको बुवाले अन्तिम पटक क्लाउसलाई देख्नुभएको थियो, जसले त्यस बेला आफ्नो पुच्छर ठाड़ो पार्दै बिस्तारै गोठतिर नरम हिउँमा होसियार गर्दै आफ्नो बाटो खोजिरहेको थियो। त्यसपछि कसैले यसलाई देखेको थिएन।

यो एउटा दुःखलाग्दो दिन थियो। दानिएल खाना खाने बेलामा पनि साँच्चिकै खिन्न थियो र सुँक्क-सुँक्कको बीचमा उसले के बताइदियो भने – ऊ केही पनि खान सक्दैनथ्यो; किनभने क्लाउस भोकाएको थियो। उसका आँसु सुरुवामा तप्प-तप्प चुहियो, र उसलाई सान्त्वना दिन कसैको सीप लागेन। तैपनि न उसको बुवा, न हजुरआमा नै आत्तिनुभएको देखिनुहुन्थ्यो। 'क्लाउस फर्केर आइहाल्छ नि, दानि!' बुवाले शान्त स्वरमा भन्नुभयो; 'ऊ आज एक दिन लुकिरहेको छ।' दिनभरि नै घाम लागेन। घाम पनि लुकिरहेको थियो। फुस्रा बादलहरू तल-तलसम्म डाँड़ाहरूलाई धुम्म ढाकिरहेका थिए र फेरि नयाँ हिउँ पर्न थाल्यो। राति त्यो हिउँ ढुङ्गाजस्तै साह्रो हुन जानेथियो, र भोलिपल्ट त त्यसमाथि हिँड्न खतरनाक हुनेथियो। बुवाले टोपी लगाउनुभयो र ठूलो चिप्लेटी-गाड़ा, त्यसमाथि रूखका मुढ़ाहरू घरसम्म तान्दै ल्याउन भनी निकाल्नुभयो। हजुरआमा चुल्होनेर अड़ेस लाउने कुर्सीमा आराम गर्न जानुभयो, अनि दानिएलचाहिँ अनिताकहाँ आएर तिनमा अड़ेसिँदै तिनको अनुहारतिर हेर्‍यो। 'अनिता,' उसले मायालाग्दो स्वरमा भन्यो; 'म सुत्न जान्छु।' 'किन, दानि?' दङ्ग परेकी अनिताले सोधिन्; 'अब त सुत्ने बेला भएकै छैन नि; भर्खरै मात्र साँझ पर्दैछ; अनि तिमीले खाना खाएका पनि छैनौ।' 'होइन, म सुत्न जान चाहन्छु, अनिता!' दानिएलले जिद्दी गर्‍यो; 'तिमी बुझ न, मोरो प्रार्थना गर्ने समय अहिले नै भएको म चाहन्छु।' अनिता खित्त हाँसिन्। 'प्रार्थना गर्न तिमीले पलङ्गमा जानुपर्दैन नि, दानि!' तिनले जवाफ दिइन्; 'तिमीले सजिलैसँग आफ्ना कुराहरू अहिले नै प्रार्थनामा भन्न सक्छौ; त्यसपछि आफ्नो खाना खाएर तिमी अरू बेलामा जस्तै सुत्न जान सक्छौ।' तर दानिएलले आफ्नो टाउको हल्लायो। 'अहँ,' उसले भन्यो; 'मेरो सुत्ने लुगा लगाईकनै सधैं गरेझैं म प्रार्थना गर्न चाहन्छु। लौ न, मलाई सुताइदेऊ, अनिता!'

'लौ बाबा, ठिक्कै छ,' उसको स्विटरका टाँक खोल्दै अनिताले जवाफ दिइन्; 'तर बुझ न, दानि; प्रार्थना गर्दा तिम्रो सुत्ने लुगा लगाएको वा नलगाएको वास्तवमा कुनै फरक पर्दैन।' त्यसपछि तिनले उसलाई म्वाइँ खाइन्; किनभने उसको सानो अनुहार एकदम चिन्तित भएको देखिन्थ्यो; ऊ अति निराश थियो। जब उसको सेतो सुत्ने कमिजका टाँक बन्द भए, तब उसले भुइँमा घुँडा टेक्यो, र आफ्ना हात खुम्च्यायो र क्लाउसको लागि प्रार्थना गऱ्यो। 'प्यारो परमेश्वर बुवा,' उसले प्रार्थना गऱ्यो; 'क्लाउसलाई आशिष दिनुहोस्। उसलाई खोजेर छिट्टै उसलाई मकहाँ फर्काएर ल्याइदिनुहोस्। उसलाई कठाङ्ग्रिन अथवा भोको हुन नदिनुहोस्; उसलाई आत्तिनुदेखि बचाउनुहोस्। कृपया उसलाई आज रात घरतिर बाटो देखाइदिनुहोस्, प्यारो परमेश्वर बुवा, आमेन!' 'के आज तिमी अरू कसैको निम्ति प्रार्थना गर्दैनौ ?' अलिक झस्केको आवाजमा अनिताले सोधिन्। 'अहँ,' आफ्ना घुँडा टेकेको अवस्थाबाट जुरुक्क उठ्दै दानिएलले जवाफ दियो; 'अहँ, आज-रात होइन; आज राति क्लाउसमाथि बाहेक परमेश्वरले अरू कसैमाथि ध्यान दिनुभएको म चाहन्नँ।' तब यसो भन्दा आफै निर्दयी भएको थियो कि लागेर उसले थप्यो: 'अरू मानिसहरूको लागि तिमीले पछि प्रार्थना गरिहाल्छौ, नि!' क्लाउसको हेरविचार परमेश्वरको हातमा सुम्पेपछि मनमा शान्ति लिएर दानिएल पलङ्गमा उक्ल्यो र आफ्नो गाला आफ्नो हातमा अड्यायो। तर उसले आफ्ना आँखा फेरि खोलेर निदाउन लाग्दा सोध्यो: 'अनिता ?'

'हजुर!' अनिताले जवाफ फर्काइन्।

'जब ऊ आउँछ, तब तिमीले मलाई अवश्य उठाउनू है; कि तिमी मलाई उठाउँदैनौ त ?'

'जब को आउँछ ?'

'क्लाउस, नि!' अनि त्यति भनेपछि दानिएल निदायो।

अनिता छटपटिँदै त्यस कोठामा यताउता गरिन्; त्यसपछि तिनले ढोका खोलिन् र बाहिर बरण्डामा निक्ली गइन्; किनभने उनका गालाहरू रन्किएका थिए र तिनी दिनभरि घरभित्रै थिइन्। यतिखेर हिउँ पर्न थामिसकेको थियो; पश्चिमी बतास बेंसीबाट मास्तिर बगिरहेको र थुप्रै हिउँ घरको भित्तामा थुपारिरहेको थियो। यो त्यति नमीठो ठिहिरो

थिएन; तिनका तातेका गालाहरूमा यसले एउटा मीठो स्पर्श दियो। अनि तिनले खोल्सासम्म हिँड़ेर जाने निर्णय गरिन्। शायद तिनले क्लाउसलाई भेट्नेथिन् कि ? तिनीले आफ्नो खास्टो लगाइन् र बाटो लागिन्। पूर्णिमाको रात थियो, र निक्कै उज्यालो थियो। जब अनिता बारीको सिरानमा पुगिन्, तब तिनले फर्केर हेरिन् र हिउँमा आफ्ना पदचिन्हहरू ठ्याक्कै तिनको सपनामा देखिएका मानिसका पदचिन्हहरूजस्तै देख्न सकिन्। तर उनका पदचिन्हचाहिँ धेरै टाढ़ाबाट आएका र उनीचाहिँ त्यस अँध्यारो, सानो घरनेर आइपुग्न संसारको पल्लो छेउदेखि लामो बाटो काटेर आएका देखिन्थे; अनि यो सब व्यर्थ थियो।

# १७

# एउटा खुला ढोका

अनिता निक्कै बेरसम्म बाटैबाटो भौँतारिइन् र आखिरमा त्यस सानो खोल्सा तार्ने पुलनेर आइपुगिन्, जसका बारमा बरफका हिमलम्ब झुण्ड्एका थिए, र खोल्साबाट कुनै आवाज सुनिँदैनथियो। यहाँ एकदम चकमन्न थियो। बतास थामिएको थियो, अनि हिउँ र बरफ जम्न थालेको थियो। त्यो सानो पुल अघोर चिप्लो थियो र नरम हिउँमन्तिर बरफको ढिका थियो भन्ने अनिताले अहँ, पत्तै पाइनन्। अचानक तिनको खुट्टा चिप्लियो र तिनी दुःखाइको हल्का चीत्कार निकाल्दै अगाड़ितिर लड़िन्। एकछिनसम्म त तिनको कुर्कुच्चाको दुःखाइले तिनलाई व्याकुल र मूर्च्छित बनायो, अनि तिनी एक–दुई मिनेटजति हिउँमा थपक्क नचलीकन पल्टिरहिन्। त्यसपछि तिनले उठ्न बल गरिन्; तर अर्को चीत्कार निकाल्दै तिनी तलतिर झरिन्; किनकि तिनले आफ्नो कुर्कुच्चा नराम्रो गरी मर्काएकी थिइन् र कुनै तरिकाले त्यस मर्किएको खुट्टामा टेक्न सकिँदैनथिइन्। केही बेरसम्म तिनी खूब तर्सिइन्। त्यस पहाड़ी पाखामा तिनी एक्लै थिइन्, र त्यस रात यस एकान्त बाटोबाट भएर कोही आउला भन्ने आशा थिएन। तापक्रम घट्दै रह्यो, र एकदम चिसो

भइसकेको थियो। यसैले तिनले कहीं आड़ लिने ठाउँ पाउनैपर्थ्यो, नत्रभने तिनी कठाडिग्रएर पक्कै पनि मर्नेथिन्।

तब तिनलाई याद भयो: हाँ, बनभित्र पसेर अलिक उकालो लागेपछि त्यहाँ बाटोको घुम्तीमा एउटा काठे घर थियो; त्यस घरमा एउटा जवान दाउरे र उसकी पत्नी बस्थे। तिनले आफ्नो हात–घुँड़ाहरूको बलले त्यस घरको ढोकासम्म घस्रिँदै पुग्न सके त तिनीहरूले अवश्य तिनलाई आफ्नो चिप्लेटी–गाड़ामा राखेर घरमा लैजानेथिए। त्यस घरसम्म पुग्न त्यति टाढ़ा थिएन। यसैले तिनी त्यतातिर लाग्न शुरु गरिहालिन्। कठै! ऐया–आत्था गर्दै तिनले आफ्नो सुनिएको खुट्टा आफ्नो पछाड़ि घिसार्दै हिउँमा घस्रेर अघि बढ्न थालिन्। हरेक झट्कामा मरुँला झैं गरी त्यो खुट्टा दुख्थ्यो, अनि धेरै पर पुग्नुभन्दा अघि नै तिनी प्राण छिन्ला झैं थकित हुन थालिन्। तिनका हातहरू हिउँमा गाड़िइरहे र तिनका आँखा आँसुले भिजिरहे। के तिनी कहिल्यै त्यहाँ पुग्न सक्नेथिन् र? जब कैंची–मोड़मा तिनी पुगिन्, जहाँदेखि बन शुरु हुन्थ्यो, तब तिनले मनलाई शान्ति दिने दृश्य देखिन्; त्यहाँ अलि पर त्यो काठे घर देखा पर्‍यो र त्यसको झ्यालबाट एउटा सानो बत्ती चम्किरहेको देखिन्थ्यो। त्यस सानो घरको ढोकामा पुर्‍याउने खुड्किलाहरूमा नपुगेसम्म तिनले बिस्तारै सकी–नसकी बल गर्दै अघि बढ़िरहिन्। कोही बाहिर आउला र तिनलाई भित्र लैजाला भन्ने आशा गर्दै तिनले त्यहाँदेखि मसिनो स्वरले दाउरेको नाम लिई उसलाई बोलाइन्, तर कोही पनि आएन। यसकारण तिनी मुस्किलले ती खुड्किलाहरू चढ़िन्, र क्लान्त भई ढोकाको पेटीमा बसिन्। त्यसपछि आशाको लामो सास तान्दै तिनले आफ्नो हात पसारिन् र ढोकामा ढकढकाइन्; तर त्यहाँ कुनै प्रतिउत्तर थिएन। सानो घर सुनसान देखिन्थ्यो। अनिता फेरि माथि तन्किएर सकेजति बलले ढकढकाइन्। तर फेरि पनि कुनै जवाफ आएन; त्यस सानो घरभित्र कुनै आवाज सुनिएन, न ता तिनीतिर आइरहेको कुनै पाइलाको आवाज सुनियो। तब तिनलाई साह्रै डर लाग्यो। तिनी एउटा खुट्टामा टेकेर आफूलाई माथि तानिन् र सकभर ठूलो स्वरले चिच्च्याउँदै र गजबार घच्चाक–घच्चाक पार्दै आफ्ना हात चोट नलागेसम्म ढोकामाथि आफ्ना

मुक्काहरू बर्साइन्। जब त्यस घरमा कोही पनि छैन भन्ने भयानक सत्यता तिनीमाथि छायो, तब तिनी तल ती खुड्किलाहरूमा झरिन् र अत्यासलाग्दा आँसु बहाउँदै भक्कानो छोड़ी रोइन्। ढोकामा चाबी लागेको थियो र घरचाहिँ रित्तो थियो। त्यो सानो बत्ती त चोरलाई तर्साउने हिसाबले बलेको थियो। त्यहाँ कोही पनि थिएन।

केही समयसम्म तिनी त्रासित थिइन्; किनकि तिनी एउटी पहाड़मा हुर्केकी केटी थिइन्, र मानिसहरू कठाडिग्रएर हिउँमा मरेका कथाहरू तिनले घरीघरी सुनेकी थिइन्। तर केही बेरपछि त्रास तिनीबाट हट्यो र तिनले स्पष्टसँग सोचविचार गर्न लागिन्। घरका मानिसहरूले उज्यालो दिने बत्ती बालिराखेका थिए; यसर्थ तिनीहरू शायद त्यस रात फर्किआउनेथिए। तर यदि तिनीहरू तल बेंसीसम्म गएका थिए भने ता तिनीहरूलाई घर आउन निक्कै बेर लाग्नेथियो; त्यसो हो भने तिनलाई बचाउन ढिलो हुनेथियो होला; किनकि अघि नै आफ्ना औंलाका टुप्पाहरूमा ठिहिरो पसिसकेको तिनले चाल पाइन्। शायद तिनले केही बेरसम्म आराम गरिन् भने तिनी घस्रेर फर्कन सक्नेथिन् होला; तर अर्को घर तल, निक्कै पर थियो, साथै हावाले नरम र थुप्रै हिउँ ठाउँठाउँमा बाटोमा थुपारेको थियो। अरू उपाय थिएन। तिनी अलिक बेरसम्म पर्खनेथिन्, त्यसपछि फर्कने कोशिश गर्नेथिन्।

निराश भई तिनले आफ्नो सामु हिउँका दृश्यतिर आँखा फिँजाइन्। फेरि एकपल्ट तिनले आफ्नो सपनाको सम्झना गरिन्; त्यस सपनामा त्यस सुनसान घरको ढोकासम्म बाटैभरि पाइलाका डोबहरू देखिएका थिए। अनि जब तिनी त्यहाँ पर्खेर बसिरहिन्, तब तिनको ध्यान अर्कै कुरामा पर्‍यो: हाँ, अब बन्द भएको ढोकामा ढकढकाउनु र कुनै जवाफ नपाउनु कस्तो हुँदो रहेछ भन्ने कुरा तिनले पहिलो चोटि बुझिन्। तिनले त थोरै बेरसम्म मात्रै ढकढकाएकी थिइन्; तर प्रभु येशूले त तिनको हृदयको ढोकामा वर्षौंवर्षदेखि ढकढकाउँदै आउनुभएको थियो। उहाँले ढकढकाउनुभएको थियो भन्ने कुरामा तिनी निश्चित थिइन्।

तिनले ढकढकाउन छोड़ेकी थिइन्; किनभने घर खाली थियो भन्ने कुरा तिनलाई थाहा लाग्यो। तर अब मानौं दाउरे बेर्डोको परिवार

जहिले पनि घरभित्र थियो; मानौं राति तिनको ढकढकाइ तिनीहरूले सुनेका, तर एक–अर्कोलाई हेरेर 'कोही ढकढकाउँदैछ, तर अहिले हामी त्यसलाई भित्र आउन नदिऔं ल; हामी सुन्दैनौं भन्ने बहाना गरौं र कुनै वास्ता नगरौं' भनेको कल्पना तिनले गरिन्। यसो भए तिनीहरूसँग तिनी कति धेरै रिसाउनेथिन् होला; त्यस्तो निर्दयी व्यवहार गरेकोमा तिनीहरूलाई तिनी कति घृणा गर्नेथिन् होला। तर ठीक त्यस्तै तिनले प्रभु येशूसँग व्यवहार गरिरहेकी थिइन्, तर उहाँले तिनलाई घृणा गर्नुभएन। हजुरआमाले यसको कारण तिनलाई बताउनुभएको थियो: उहाँ तिनलाई अझै न्यानो प्रेमले प्रेम गर्नुहुन्थ्यो; नत्रभने उहाँले तिनको हृदयको ढोकामा ढकढकाउन छोड्नुहुन्थ्यो। उहाँले अझ तिनको हृदयभित्र आउन खोजिरहनुभएको थियो।

यस विषयमा यति गहिरो तिनले विचार गरिरहेकी थिइन् कि केही समयको लागि त तिनले आफ्नो डर र एक्लोपना भुलिन्। तर अब तिनले अचानक आफ्नो शिर उठाइन् र आफ्ना कानहरू तीखो पारिन्; किनकि तिनले एउटा आवाज सुनेकी जस्तै तिनलाई लागेको थियो। यो एक हल्का आवाज थियो, तर यस्तो आवाजचाहिँ पहाड़का सब केटाकेटीहरूलाई राम्ररी थाहा थियो; यो नरम हिउँमाथि हाँकिएका काठे चिप्लेटीहरूको आवाज थियो। त्यसपछि तिनले गीत गाइरहेको एउटा केटोको स्वर सुनिन्। बनको बाटोबाट काठे चिप्लेटीमा कोही तलतिर आउँदैथियो; केही क्षणमै बाटोको घुम्तीमा त्यो आइपुग्नेथियो र यस घरको अघिल्तिरबाट शीघ्र गतिमा घुइँकिएर हाँकिनेथियो। यसो हुँदा त्यसको ठूलो गतिले गर्दा त्यसले तिनलाई देख्न सक्नेथिएन कि तिनलाई डर लाग्यो। बेंसीतिर हस्याङ–फस्याङ गर्दै गइरहेको एउटा सानो आकृति देखा पर्‍यो। अनिता घुँड़ा टेकेर खड़ा भइन् र चर्को स्वरले चिच्च्याइन्। 'गुहार!' आफ्ना हातहरू मुखको अगाड़ि सोलीझैं बनाउँदै तिनी चिच्च्याइन्: 'पर्ख, मलाई बचाऊ!' काठे चिप्लेटी चलाउने मान्छेले तुरुन्तै फर्को मार्‍यो र आफ्ना चिप्लेटी रोक्यो। तब उसले तिनीहरूलाई फुकाल्यो र हतारसँग उकालो लागेर ऊ तिनीतिर दौड़्यो।

'के भयो?' सोध्दै उसले चिच्च्यायो; 'तिमी को हौ? के तिमीलाई चोट लागेको छ?' यो केटा लुसियान् थियो। ऊ आफ्ना

वृद्ध साथीलाई भेट्न माथि पहाड़मा गएको थियो र अहिले ऊ घर फर्कंदैथियो। अनिताको चीत्कार सुनेर ऊ झस्केको थियो; अनि जब त्यहाँ जूनको उज्यालोमा को घुँड़ा टेकिरहेको थियो, सो उसले चिन्यो, तब ऊ ठिङ्ग उभियो, र एउटा भूत देखेझैं ट्वाल्ल परेर हेर्‍यो। तर तिनलाई सहायता गर्न कोही आएकोमा अनिता असाध्यै आनन्दित भइन्। यही छिनमै तिनलाई भेट्टाइएको र बचाइएको आनन्दले गर्दा तिनको अरू कुनै सम्झना रहेन। ऊ भागेर जाला भन्ने डरले तिनले आफ्ना हातहरू फैलाएर उसको ओढ्ने च्याप्प समाइन्। 'ओहो, लुसियान्!' भन्दै तिनी काँपिएको स्वरमा कराइन्; 'तिमी आयौ, मलाई साह्रै खुशी लाग्यो। मैले खुट्टा जखम पारें, अनि म हिँड्न सक्दिनँ। दाउरे बेर्डो घर आउनु अघि नै म कठङिग्रएर मर्छु होला कि मलाई डर लाग्यो। के तिमी मलाई घरमा लगिदिन सक्छौ, लुसियान्? मलाई एकदमै जाड़ो भइरहेको छ।' एक झिमिकमा लुसियान्को ठूलो पहाड़ी बक्खु वरिपरि तिनको जम्मा जीउ ढाकेको थियो। त्यसपछि तिनको छेउमा टुक्रुक्क बसेर उसले तिनका चिसा हात दल्यो। 'म यी चिप्लेटीमा तिमीलाई लान सक्दिनँ, अनिता,' उसले मीठो स्वरमा भन्यो; 'तिमी बोक्नलाई ठूलो छ्यौ। तर अब म पाँच मिनेटमै घरमा पुग्न सक्छु; त्यसपछि म एउटा ठूलो चिप्लेटी-गाड़ा र एउटा कमबल लिएर फटाफट फर्की आइहाल्छु। आधा घण्टा पनि लाग्दैन, र तिमी आफ्नो घरमा पुगिसकेकी हुन्छ्यौ।'

ऊभित्र अपर्झट उसको हृदय आनन्दले गद्गद भएको थियो। उसलाई यस खुशीले कुद्न, चिच्च्याउन र गीत गाउन मन लाग्यो। उसले अघिदेखि कल्पना गरेको आशा पूरा हुन आएको थियो। उसले अनिताको लागि केही सुकर्म गर्दैथियो; तिनलाई उसको खाँचो परेको थियो। अब तिनले शायद उसलाई क्षमा दिनेथिन् र त्यो कहालीलाग्दो झगड़ा बिर्सिदिनेथिन् होला कि? 'तिम्रो ओढ्नेबिना के तिमीलाई जाड़ो हुँदैन र, लुसियान्?' एउटा सानो, धरमराउँदो आवाजमा अनिता बोलिन्। उत्ति नै खेर लुसियान्ले आफ्नो कोट खोल्यो र त्यो तिनको टाउको वरिपरि बेरिदियो, अनि उसको कमिजसमेत दिऊँ कि भन्ने इच्छा गर्‍यो। यसो गरेमा कुनै लाभ हुनेथिएन। उसले तत्कालै आफ्नो जीउमा ठिहिरो थाहा

गर्न सक्यो। यसैले हिउँमाथि–माथि ऊ बत्तियो। चिप्लेटीहरू लगाएको एकैछिनपछि ऊ गइसकेको थियो। ऊ यति साह्रो खुशी थियो कि उसले चिसो भएको ख्याल गरेन। आफ्नो घरको अगाड़िको ढोकामा ऊ ठोकियो, अनि उसका नाङ्गा पाखुरा र नीलो नाक देखेर उसकी आमा चिच्च्याइन्।

एक्लै छोड़िएपछि अनिता लुसियान्को खस्रो, तर न्यानो खास्टोमा गुटुमुटु परिन्। लुसियान् अबको आधा घण्टाभित्र फर्केर आउनेथियो, र यो अवधिभित्र तिनले केही महत्त्वपूर्ण विषयमा निर्णय लिनुपरेको थियो। पहिले त तिनी सुरक्षित थिइन्। लुसियान् बनको बाटो भएर ठीक समयमा त्यस ठाउँमा आइपुगेको थियो, र तिनको चीत्कार सुनेको थियो। यसैकारण परमेश्‍वरले नै तिनको हेरविचार गरिरहनुभएको र तिनलाई बचाउन लुसियान्लाई पठाउनु–भएको हो भनेर तिनले एक्लै हुँदा निश्‍चय गरेकी थिइन्। दोस्रो कुरा – तिनले बन्द भएको ढोकाको विषयमा कुरा बुझेकी थिइन्। तिनले आफ्नो हृदयको ढोका खोल्दा के हुने होला, यस सम्बन्धमा तिनलाई पूरा ज्ञान थिएन; तर एउटै कुरामा तिनलाई निश्‍चयता थियो: प्रभु येशूलाई अझ पनि आफ्नो हृदयदेखि बाहिर राख्न तिनी सक्दिनथिन्। हिउँले ढाकेको सिँढ़ीको बारमाथि आफ्नो शिर झुकाएर तिनी अड़ेसिन्, र प्रार्थना गर्न आफ्ना आँखा बन्द गरिन्। 'हे प्रभु येशू,' अनिताले भनिन्, 'म अब मेरो हृदयको ढोका खोल्दैछु। यति लामो समयसम्म त्यसलाई बन्द गरिरहेकोमा र यतिन्जेल धेरै बेरसम्म तपाईंले मलाई पर्खनुपरेकोमा म दु:खी छु। अब मेरो हृदयभित्र आउनुहोस्! मैले लुसियान्लाई घृणा गरें, मलाई माफ गर्नुहोस्! मलाई लिएर उसलाई प्रेम गर्ने बनाउनुहोस्! मैले उसलाई त्यो सानो घोड़ाको विषयमा भन्नुपर्छ; त्यस बेला मलाई ठूलो साहस दिनुहोस्। मलाई खोज्न लुसियान्लाई पठाउनुभएको निम्ति धन्यवाद! आमेन्।'

यसरी नै प्रभु येशू अनिताको हृदयभित्र आउनुभयो; उहाँ निक्कै समयदेखि अनिताको हृदयको ढोका र जीवनदेखि बाहिर पर्खिरहनुभएको थियो। उहाँले तत्कालै तिनलाई तिनका पापको क्षमा गर्नुभयो, र अब तिनको जीवन बदली गर्नुमा सघाउनुहुनेथियो। यस गजबको घटना भइरहेको बेलामा त्यो हेर्न त्यहाँ कोही पनि थिएन। अनिताले समेत

कुनै फरक महसुस गरिनन्। तर त्यस रातको घड़ीमै स्वर्गमा अनिताको नाम परमेश्वरको साथमा भएको जीवनको पुस्तकभित्र लेखिएको थियो, र स्वर्गका दूतहरू रमाए; किनभने पृथ्वीमा एउटा केटीले हृदयको ढोका खोलेकी र प्रभु येशूलाई वास गर्ने ठाउँ दिएकी थिइन्।

# १८

# कामकुराहरू सुध्रिन थाल्छन्

'अँ,' अनिताले विचार गरिन्, 'मैले यतिसम्म गरेको छु; यसपछि अब के हुनुपर्छ, सो मलाई थाहा छ।' तिनको मुटु छिटो–छिटो ढुक–ढुक गरिरहेको थियो, र तिनले आफ्नो मनलाई शान्त पार्न ताराहरूले ढाकिएको विशाल आकाशतिर, त्यसपछि अग्ला हिमालहरूतिर हेरिन्। ती कति विशाल थिए, कति पुराना र कहिल्यै बदली नहुने थिए। तिनीहरूले गर्दा तिनी, तिनका समस्या र डरहरू अति साना र नगण्य देखिएका थिए। चाँड़ै तिनले गर्नुपर्ने कुरा बितेको र बिर्सिएको हुनेथियो, तर ती हिमालहरू र ताराहरू सदासर्वदा रहिरहनेथिए।

तब आफ्नो पछाड़ि एउटा चिप्लेटी–गाड़ा तान्दै दौड़िरहेको एउटा सानो, कालो आकृति बाटोको घुम्तीमा देखा पऱ्यो। लुसियान्ले

अर्को कोट लगाएको थियो, र हतारसित फर्केको हुनाले उसको सास साह्रै बढ़ेको थियो, यतिसम्म कि उसले बल्लै मात्र बोल्न सक्यो। 'आऊ, अनिता!' उसले स्वाँ-स्वाँ गर्दै भन्यो; 'मैले ठूलो चिप्लेटी-गाड़ा ल्याएको छु। यसमा तिम्रो लागि आफ्नो खुट्टा तन्काउने थुप्रै ठाउँ हुन्छ। हामी केही छिनमै घरमा पुग्नेछौं।' तिनलाई उठ्दा सघाउने हिसाबले उसले आफ्नो हात फैलायो, तर तिनी पछि हटिन्। 'एकैछिन, लुसियान्!' डराएर तिनले काँपिएको स्वरमा यसो भनिन्; 'हामी घर जानु अघि म तिमीलाई केही कुरा भन्न चाहन्छु। लुसियान्, त्यस दिन तिम्रो घोड़ालाई गजबारबाट तल खसल्नेचाहिँ त्यो बिरालो थिएन, यो म थिएँ। मैले त्यसो गरें; किनभने मैले तिमीलाई पुरस्कार पाएको देख्न सकिँदैनथिएँ; किनकि तिमीले दानिलाई घाइते बनायौ। यसको विषयमा म दुःखी छु; मलाई माफ गर, लुसियान्!'

लुसियान् उभिएर तिनलाई एक सुरले हेर्‍यो; ऊ ज्यादै दङ्ग परेको र साह्रै अचम्म मानेकोले उसको बोली फुटेन; किनकि ऊ साह्रै खुशी थियो; किनभने रिस उठ्नुको सट्टामा उसको मनलाई अघोर राहत भएको थियो। उसले मात्र होइन, अनिताले पनि कुनै काम बिगारेकी थिइन्; उसले अनितालाई क्षमा गरेपछि शायद अनिताले पनि उसलाई क्षमा गर्न सजिलो हुनेथियो होला। दानिको भाँचिएको खुट्टाको दाँजोमा उसको कच्याककुचुक पारिएको त्यो सानो घोड़ा केही पनि थिएन; यसो भए पनि त्यसले उनीहरूलाई नजिक ल्याउने काम गरेको देखियो। तर यो सब उसले शब्दहरूमा बयान गर्न सकेन। उसले केवल हल्कासँग खित्त हाँस्यो र लाज मान्दै भन्यो: 'ओहो, भइहाल्यो, अनिता! तिमीले चिन्ता मान्नुपर्दैन। अब गाड़ामा बस न!' त्यसपछि उसले आफ्नो ओढ्नेसित तिनलाई राम्ररी छोपिदियो र तिनको अगाड़ि बस्यो। सँगै उनीहरू पाखाको ओरालोमा वेगसित हाँकिए र चिप्लेटी-गाड़ाका फलामे पाताहरूले फालेका हिउँले सारा शरीरभरि हिउँ नै हिउँले ढाकिएको अवस्थामा उनीहरू अनिताको घरको मूल-ढोकामा आइपुगे। आफ्ना हात र घुँड़ाहरू टेकेर अनिताले खुड्किलाहरू चढ़िन्, र पिँढ़ीमा एउटा खुट्टामा उभिइन्। तब तिनले लुसियान्तिर हेरिन्, जो बिस्तारै गाड़ा लिएर उता फर्कंदैथियो। तिनले प्रभु येशूको प्रेमको निम्ति

आफ्नो हृदयको ढोका खोलेकी थिइन्। अब तिनले लुसियान्को लागि पनि ढोका खोल्नु थियो; किनकि प्रभु येशूले आफ्नो प्रेमको घेरा–बाहिर कसैलाई पनि राख्नुहुन्न।

'माथि आऊ, लुसियान्!' तिनले बोलाइन्; 'भित्र आऊ, र हजुरआमालाई भेट; तिमीले मलाई भेट्टायौ; यो कुरा सुनेर उहाँ साह्रै खुशी हुनुहुनेछ।' तब तिनले घरको मूल–ढोका छ्याङ्ग खोलिन्, र तिनी र लुसियान् भित्र गए। अनितालाई देख्नेबित्तिकै हजुरआमा खुशीले चिच्च्याउँदै उफ्रिनुभयो। उहाँहरू साह्रै चिन्तित भइरहनुभएको थियो; अनि तिनको बुवा गएर माथि पहाड़हुँदो तिनको खोजी गर्दै हुनुहुन्थ्यो। तिनलाई हप्काउन उहाँले मुख खोल्दै हुनुहुन्थ्यो, तर जब उहाँले तिनको मर्केको खुट्टा देख्नुभयो, तब उहाँले आफ्नो मुख फेरि थुन्नुभयो। उहाँले अनितालाई सोफामा बसाल्न सघाउनुभयो र मलम–पट्टीहरू खोज्न जानुभयो। तर जब उहाँ फर्कनुभयो, तब उहाँले लुसियान्लाई के गरूँ होला भन्दै र लाज मान्दै ढोकाको नजिकै उभिरहेको देख्नुभयो। एकछिनसम्म उनीहरूले एक–आपसमा हेराहेर गर्दै उभिए। उसको अनुहारमा, ऊ स्वागत हुनु र भित्र आउन पाउनुमा कति लालायित थियो, सो उहाँ देख्नुहुन्थ्यो। यसैले उहाँले आफ्ना हात उसका काँधमा राखेर उसलाई न्यानो चुल्होनेर तान्नुभयो। 'तिमीलाई स्वागत छ, बाबु,' उहाँले प्रेमसाथ भन्नुभयो; 'आऊ, बस र हामीसँग खाना खाऊ!'

घरको मूल–ढोका फेरि खुल्यो र अनिताको बुवा आफ्नो खास्टोबाट हिउँ टकटकाउँदै भित्र पस्नुभयो। अनितालाई केही नराम्रो भएको थिएन भन्ने अनुमान उहाँले गरिसक्नुभएको थियो; किनकि उहाँले चिप्लेटी–गाड़ा र त्यसमाथि दुईजना केटाकेटीको आकृति पाखाको ओरालोमा वेगसित हाँकिएको देख्नुभएको थियो। उहाँले तिनको कुरा सुनेर राति एक्लै त्यति टाढ़ा गएकोमा तिनलाई अलिकता हप्काउनुभएपछि उहाँ पनि चुल्होको छेउमा बस्नुभयो। तब हजुरआमाले होटचकलेट र खस्रा पाउरोटीका टुक्राहरू टक्र्याउनुभयो, जसमाथि बाक्लो हुने गरी सुनौलो नौनी फिँजाइएको थियो। प्रत्येक चोइटामाथि उहाँले प्याल नै

प्वाल भएको चीजको बाक्लो टुक्रा राखिदिनुभयो। सबैजना चुपचापसित पाउरोटी र चीज चपाउँदै बसे।

यो कति उँग र सन्तुष्ट लाग्ने मौनता थियो। रातको चिसो बतास सहेपछि चुल्होको यस न्यानोपनाले उनीहरू सबैलाई निद्रालु बनायो। लुसियान्ले ज्वालाहरू चिमचिम गर्दै हरिरह्यो र यही क्षण सधैंभरि रहिरहोस् भन्ने चाहना गर्‍यो। तब अचानक ढोकामा एउटा अनौठो कोतरेको आवाजले मौनता भङ्ग गर्‍यो। 'यो क्लाउस हो!' भन्दै अनिता चिच्च्याइन् र फुत्रुक्क उफ्रिइन्, तर तिनको दुखेको खुट्टाले तिनलाई हच्कायो। तर हजुरआमा, तिनको बुवा र लुसियान् एकैसाथमा ढोका खोलिदिए। गजक्क पर्दै आफ्नो पुच्छर ठाड़ो पारेको क्लाउस कोठाभित्र ठमठम हिँड़्यो। उसको मुखमा उसले एउटा भर्खर जन्मेको, अन्धो, छिर्केमिर्के बिरालोको बच्चा बोकेको थियो। उसले उनीहरूलाई वास्ता गरेन, तर सोझै कोठा पार गरेर त्यस सानो ओछ्यानतिर लाग्यो, जहाँ दानिएल सुतिरहेको थियो; अनि उफ्रेर भुवादार उसले तान्नामाथि दानिएलको सुनौलो शिरको छेउमा आफ्नो बहुमूल्य वस्तुलाई खसाल्यो। त्यसपछि ऊ हतार-हतार गर्दै ढोकातिर फर्क्यो र म्याउँ-म्याउँ गर्‍यो। 'उसले अर्को पनि लिएर आउँदैछ,' उसलाई बाहिर जान दिँदै बुवाले भन्नुभयो। 'त्यसो भए त हामीले ढोका खुलै छोड्नु राम्रो हुन्छ,' हजुरआमाले भन्नुभयो। यसकारण क्लाउस फेरि देखा नपरेसम्म उनीहरू सबैजना बर्फिलो हावामा डुगडुग काम्दै बसिरहे। ऊ खूब हतार गर्दै अघिको ठाउँमा खैरा धब्बा भएको सेतो बिरालोको बच्चा खसाल्यो, र फेरि अँध्यारोमा फट्को मार्‍यो। 'हामी आश गरौं, अबको चाहिँ अन्तिम हो,' भन्दै हजुरआमा गुनगुनाउनुभयो, जसले यस चिसो हावाले गर्दा, साथै दानिएल र तीनटा बिरालोका बच्चाभन्दा धेरै प्राणी यस सानो घरमा जीवन बिताउन गाह्रो हुन्छ भन्ने सोचमा डुब्दै यसो भन्नुभएको थियो। तर अरू कोही बोलेन; किनभने उनीहरूका आँखा ढोकामा अड़ेका थिए। क्लाउसले उसलाई जे मन लाग्थ्यो, त्यही गर्न सक्थ्यो। गोठको कुनाबाट भएर ऊ फर्केर आयो, तर यस बेला ऊ बिस्तारै र लमकलमक हिँड़्यो। उसको काम सकिएको थियो। आफ्नो मुखमा उसले ठ्याक्कै आफैजस्तै एउटा निखुर सेतो बिरालोको बच्चा

ल्यायो। तब ती तीनटा बच्चा उसले आफ्ना पन्जामा जम्मा पार्‍यो, आफैचाहिँ दानिएलको छातीमाथि पल्टियो र आफ्नो बहूमूल्य सम्पत्तिलाई चाट्न र घुरघुर गर्न थाल्यो। 'ढोका बन्द गर, लुसियान्!' सुस्केरा हाल्दै हजुरआमाले भन्नुभयो; 'अनि पियार, तिमीले यी सबै बिरालाको लागि एउटा टोकरी खोज्नु राम्रो हुन्छ; बालक उकुसमुकुस छ नि!' दानिएलको बुवा दाँत नदेखाईकन खुस्स हाँस्नुभयो। 'बिहानै, आमा!' उहाँले जवाफ दिनुभयो; 'आज रात तिनीहरू जहाँ छन्, त्यहीं रहून्। यहाँ तिनीहरूलाई स्वागत छ भन्ने क्लाउसलाई थाहा छ; अनि दानिले दुःख मान्दैन नै।' लुसियान् घर जानको लागि जुरुक्क उठ्यो। हजुरआमातिर गएर ऊ आफ्ना दुवै हात जोड्यो। 'म जानुपर्छ,' उसले भन्यो; 'मलाई आउन दिनुभएकोमा धन्यवाद। मलाई आशा छ, अनिताको खुट्टा चाँड़ै नै जाती हुन्छ होला।' हजुरआमाले उसको अनुहारमा हेर्दै एकछिनको लागि दुवै हातले उसका हात समात्नुभयो। 'हो, तिमी जानुपर्छ,' उहाँले जवाफ दिनुभयो; 'तर याद राख, तिमी फेरि आउनुपर्छ नि; तिमीलाई जहिले पनि स्वागत छ।'

दानिएललाई उठाउने विषयमा अनिताले केही भनिनन्; किनभने हजुरआमाले उठाउनुहुँदैन भन्नुहुनेथियो होला, तर जे भए पनि एउटा कबुल कबुल नै हो, यसलाई पूरा गर्नैपर्थ्यो। हजुरआमाले चकलेटका कचौरा नधोएसम्म तिनी पर्खिबसिन्, त्यसपछि फुट्ट तिनी दानिएलको छेउमा पुगिन्। 'दानि!' उसको निधारबाट केही चिसा केश हटाएर तिनले कानेखुशी गरिन्। दानिएलले लामो सास फेर्‍यो र आफ्ना पाखुरा आफ्नो टाउकोमाथि लत्रक्क फाल्यो, तर ऊ बिउँझेन। 'दानि!' भन्दै अनिताले निक्कै ठूलो स्वरमा बोलाइन्; अनि यस बेला तिनले उसलाई चिमोटिन्। उसले आफ्ना आँखा खोल्यो र निद्राले लट्ठ भएर तिनीतिर आँखा तरेर हेर्‍यो। 'हेर त, दानि!' अनिताले भनिन्; 'ऊ फर्केर आएको छ; अनि उसले तिमीलाई एउटा उपहार ल्याएको छ।' अर्धनिद्रामा दानिएलले आफ्ना पाखुरामा भएको भुवाको अचम्मलाग्दो डल्लोतिर आँखा तन्काएर हेर्‍यो। ऊ सपना देख्दैथियो कि कसो? उसलाई शङ्का लाग्यो। 'क्लाउसले त तीनटा मुसा भेट्टाएछ,' ऊ पक्क बोल्यो। 'होइन, होइन, दानि!' भन्दै अनिता कराइन्; 'यिनीहरू मुसा

होइनन्; यी तीनटा प्यारा साना बिरालोका बच्चा हुन्। उसले यिनलाई गोठमा जन्मायो, र अहिले यिनलाई तिमीकहाँ ल्याइदिएको हो। यी तिम्रा हुन्, दानि; क्लाउसको तर्फबाट एउटा कोसेली!' दानिएलले तिनीहरूतिर आँखा चिमचिम गर्‍यो। 'मलाई थाहा थियो, ऊ फर्केर आउँछ,' उसले गुनगुन गर्‍यो; 'किनकि प्रार्थनामा मैले यो कुरा परमेश्वरसित मागेको थिएँ।' अनिता पलङ्गको छेउमा घुँडा टेकिन् र दानिएल, क्लाउस र बिरालोका बच्चाहरू सबै आफ्नो अँगालोमा गुटमुट्याइन्। 'अनि मैले प्रभु येशूलाई मेरो हृदयभित्र आउनुहोस् भनें,' तिनले कानेखुशी गरिन्; 'अनि उहाँ आउनुभयो। यसर्थ एकै रातमा दुईटा प्रार्थनाको उत्तर पाइयो।' तर दानिएलले सुनेन। ऊ फेरि मस्त निदाइसकेको थियो।

# १९

# अनिताले एउटा युद्ध जित्छिन्

हजुरआमाका मलम–पट्टीहरू यति कामलाग्दा थिए कि जब भोलिपल्ट बिहानै अनिता उठिन्, तब तिनको गोलीगाँठा एकदम कम्ती दुख्यो र सुनिएको प्रायः सब गइसकेको थियो। राति फेरि हिउँ परेको थियो र हिउँ यति बाक्लो थुप्रिएको थियो कि गाईको गोठसम्म पुग्न तिनको बुवाले बाटो खन्नुपरेको थियो। यसकारण यो बाहिर निस्कन सकिने दिन थिएन। तर अनिता, दानिएल, क्लाउस र तीनटा बिरालोका बच्चा नै हजुरआमाको निम्ति अति भएका थिए। यसैले दिउँसो उहाँले उनीहरू सबै नै सुकेको घाँस र पराल थन्क्याएर राखिएको धनसारमा खेल्न जानुपर्छ भन्ने सल्लाह दिनुभयो। यसकारण दानिएलले बिरालोका बच्चाहरू एउटा टोकरीमा हालेपछि धनसारमा बोकेर लग्यो र अनिताचाहिँ हजुरआमाको ठूलो बाइबल आफ्नो अगाड़ि राखेर त्यहाँ थन्क्याइएको घाँसमाथि आरामसाथ पल्टिन्। प्रभु येशूले ढोकामा ढकढकाइरहनुभएको पद तिनी भेट्टाउन चाहन्थिन्। वृद्ध प्रचारकले भनेझैं त्यो पद पवित्र बाइबलको अन्तिम पुस्तकमा थियो; यसैले तिनले त्यो पद झट्टै

भेट्टाइहालिन्। त्यो पद प्रकाश नामक पुस्तकको तेस्रो अध्यायमा यसको बीसौं पद थियो।

*"हेर, म ढोकामा उभिएर ढकढकाउँछु; कसैले मेरो स्वर सुन्यो र ढोका खोल्यो भने म ऊकहाँ भित्र आउनेछु र ऊसँग भोजन खानेछु, अनि उसले मसँग खानेछ।"*

अनिताले त्यो पद कण्ठस्थ गरिहालिन्; नहेरीकन तिनले त्यो खर्र भन्न सकिन्। तर त्यस पदको वाक्यको अन्तिम टुक्रामा सँगै खाने भनेको के होला, सो तिनले बुझिनन्, तर मौका मिल्यो भने तिनले हजुरआमालाई यस विषयमा सोध्न चाह गरिन्। तब तिनी उता पल्टिन् र दानिएललाई आफ्ना बिरालोका बच्चाहरूसित खेलेको हेरिन्। तिनले प्रभु येशूलाई ढोका खोलिदिएकी थिइन्, र उहाँ हृदयभित्र आउनुभएको थियो र तिनको हृदयमा वास गर्नुभएको थियो। हजुरआमाले भन्नुभएको जस्तै ठीक त्यस्तै हुनगएको थियो। उज्यालोको सामुबाट अँध्यारो भागेझैं ती रिसाहा र कठोर विचारहरू निस्केर गएका थिए; अनि अचम्म! लुसियान्लाई क्षमा दिनु तिनलाई गाह्रो लागेन। वास्तवमा तिनी कति स्वार्थी, निर्दयी र झूटकी रानी थिइन् भन्ने कुरा प्रभु येशूले तिनलाई देखाउनुभएको थियो। अब तिनी कुन कुरामा चिन्ता गरिरहेकी थिइन्: के लुसियान्ले पो तिनलाई क्षमा गर्ला?

उसलाई तिनले घोड़ाको विषयमा बताएकी थिइन्, र ऊ झनक्क भएझैं देखिँदैनथियो, तर उसले आफ्नो पुरस्कार गुमाएको थियो। तब तिनलाई थाहा लाग्यो: तिनले चाहेकी भए यस विषयमा तिनले गर्न सक्ने केही कुरा रहेको थियो। नूहका जहाजका जनावरहरू तिनले स्कूल-मास्टरकहाँ लगेर यी सब कुरा उनलाई बुझाइन् भने त लुसियान्ले कति सानदार दङ्गले कुँदेर चीजबीजहरू बनाउन सक्छ भन्ने उनले देख्नेथिए, अनि शायद उनले लुसियान्लाई अर्को पुरस्कार दिनेथिए होला, यदि साँच्चै के भएको थियो, सो उनले थाहा पाउनेथिए भने। तर यस विषयमा स्कूल-मास्टरले के सोच्लान् र अरू केटाकेटीहरूले के भन्लान् भनेर तिनी यति डराएकी थिइन् कि तिनले यस विषयमा अरू बढ़ी केही नगर्ने निर्णय नै गरिन्। तर तिनले यस्तो निर्णय गर्ने बित्तिकै तिनले पुरस्कारको रूपमा पाएको त्यस नयाँ किताबको विषयमा अलिकति

पनि सम्झन आफैलाई मन नलागेको पाइन्। तुरुन्तै त्यस किताबबाट तिनलाई मिलेको आनन्द हराएको थियो।

छिट्टै साँझ पऱ्यो, अनि अनिता र दानिएल साँझको खाना खान भित्र पसे। सुत्ने बेलामा खूब ठस्काइ थियो; किनभने दानिएल बिरालोका बच्चाहरूलाई आफ्नै खाटमा सुताउन चाहन्थ्यो, तर हजुरआमा भने तिनीहरूलाई गोठमा राख्न मन गर्नुहुन्थ्यो। आखिरमा बिरालोका बच्चाहरू खाटमनि सुत्ने भएपछि उनीहरू दुवैजनाको विवाद टुङ्गियो। हजुरआमा एकदम थकित हुनुभयो र आफ्नो कुर्सीमा खुइय्य गर्दै लत्रक्क परेर बस्नुभयो। जब अनिताले आफ्नो मुढ़ा उहाँको छेउमा तानिन्, तब घरको मूल-ढोकाबाट ढकढक आवाज सुनियो।

अनिता ढोका खोल्नलाई जुरुक्क उठिन्; लुसियान् ढोकामा लजाउँदै आफ्ना दुईटा हात मल्दै उभिरहेको थियो। अनिता पनि लजाइन्, र उनीहरू दुवैजना चङ्ख भएर एक-अर्कोलाई केही कुरा भन्न पर्खंदै उभिरहे। हजुरआमाले आँखा उठाएर हेर्नुभयो र सन्नाटामा छक्क पर्नुभयो। 'भित्र आऊ न, लुसियान्!' उहाँले उसलाई स्वागत गर्नुभयो; 'तिमीलाई देख्न पाउँदा हामीलाई आनन्द लाग्छ।' उनीहरू ज्ञानी भएर हजुरआमाको छेउमा बसे; तब लुसियान्ले ऊ अनिताको खुट्टा कस्तो छ होला, सो हेर्न आएको कुरा बतायो। 'त्यो निक्कै राम्रो भएको छ, लुसियान्!' भुइँतिर एकोहोरो नजर लगाउँदै अनिताले भनिन्। हजुरआमाले आफ्नो चस्माको डिलबाट उनीहरू दुवैलाई भम्भीरतासाथ हेर्नुभयो। 'अनिता र लुसियान्,' हजुरआमाले झट्ट भन्नुभयो; 'तिमीहरूले यो झगड़ा बन्द गर्नुपर्छ र विवेकी केटाकेटीले झैं व्यवहार देखाउनुपर्छ। लुसियान्, तिमीले खूब नराम्रो काम गऱ्यौ, तर खास तिमीले यसो गर्न चाहेका थिएनौ; अनि यसको दुःख तिमीले भोगेका छौ। बितेका कुराहरू सम्झिरहनु राम्रो होइन। अब तिमी साहसी हुनुपर्छ र फेरि शुरु गर्नुपर्छ। अनि अनिता, तिमीले क्षमा दिन सिक्नुपर्छ। दयालु होऊ; अरू मानिसहरूभन्दा आफूलाई राम्रो ठान्ने भाव छोड़िदेऊ।' 'मैले ठानेको छैनँ,' अनिताले यसो भनेकोमा अचम्म मान्दै भनिन्; 'गत रात बाहिर त्यस पहाड़मा मैले लुसियान्लाई क्षमा दिइसकेको छु। क्षमा दिन मलाई त्यति गाह्रो लागेन; किनभने मैले पनि उसको विरोधमा एउटा नराम्रो काम गरेकी

थिएँ। अनि जब मैले उसलाई यस विषयमा मेरो गल्ती मानिलिएँ, तब उसले मलाई, म तिमीलाई क्षमा गरिदिन्छु भनेर भन्यो। तिमीले भन्यौ, होइन त, लुसियान्? यसो हो भने हामी दुवै उत्तिकै नराम्रा छौं।' 'हो,' लुसियान्ले सोझै जवाफ दियो; 'तर त्यो मैले गरेको जतिकै खराब काम थिएन। म अर्को घोड़ा कुँदेर बनाउन सकिहाल्छु, तर म दानिको खुट्टा नयाँ तुल्याउन सक्दिनँ। तर तिमी राम्री छौ; सबैजनाले त्यही भन्छन्, र तिमीलाई मन पराउँछन्, तर मलाई त कसैले पनि मन पराउँदैन।' 'तर शायद यसको कारण यही हुन सक्छ,' अनिताले जवाफ दिइन्; 'तिमीले जे गऱ्यौ, त्यो सबैले जान्दछन्, तर मैले जे गरें, कसैलाई पनि थाहा छैन। दिउँसो मात्र मैले स्कूल-मास्टरलाई सब कुरा बताउनैपर्छ भनेर मलाई लाग्यो; तर मैले यति साहस कहाँबाट लिऊँ?' उनीहरूले एक-अर्कोसित कुरा गर्दैथिए, र हजुरआमा सुन्दै बस्नुभयो; अनि ती हजुरआमा हुनुभएको हुनाले उनीहरूलाई कति पनि धक लागेन। अबचाहिँ उहाँको बोल्ने पालो आयो।

'अनिता!' उहाँले अचानक भन्नुभयो; 'तिमीले लुसियान्लाई कसरी क्षमा दिन सक्यौ? अस्ति मात्र तिमीले म उसलाई कहिल्यै क्षमा गर्न सक्दिनँ भनेर मलाई भनेकी थियौ त।' 'अँ, बज्यै; तपाईंले बताउनुभएझैं मैले मेरो हृदयको ढोका खोलें; त्यसपछि त सब कुरा तपाईंले भन्नुभएजस्तै हुनआए। मैले प्रभु येशूलाई मेरो हृदयभित्र आउनुहोस् भन्न मलाई त्यति गाह्रो लागेन।' 'हो,' हजुरआमाले भन्नुभयो; 'तिमीले केवल हृदयको ढोका खोल्नुपरेको थियो; त्यति गरे यस्तै हुन्छ भन्ने मलाई थाहा थियो। किनकि जहाँ प्रभु येशू आफ्नो महान् प्रेम लिएर हाम्रा हृदयभित्र आउनुहुन्छ, त्यहाँ स्वार्थीपन र निर्दयीपनको निम्ति ठाउँ नै हुँदैन। अर्को एउटा कुरा उहाँले हाम्रो हृदयबाट हटाउन सक्नुहुन्छ। मलाई मेरो बाइबल ल्याइदेऊ, अनिता।' हजुरआमाले यूहन्नाको पहिलो पत्रको चार अध्यायमा पद १८ र १९ नभेट्टाएसम्म बाइबलका पानाहरू बिस्तारै पल्टाउनुभयो। अनिताले यो खण्ड ठूलो स्वरले बिस्तारै र स्पष्टसँग पढ़िन्।

*''प्रेममा डर हुँदैन; तर सिद्ध प्रेमले डर निकालिदिन्छ; ... हामी उहाँलाई प्रेम गर्छौं, किनभने उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो।''*

'यो वचन साँचो हो,' हजुरआमाले भन्नुभयो; 'जब प्रभु येशूले आफ्नो सिद्ध प्रेम हाम्रा हृदयभित्र हाल्नुहुन्छ, तब यस प्रेमले निर्दयीपन र स्वार्थीपन निकालिदिन्छ। यसले डर पनि निकालिदिन्छ। उहाँले हामीलाई सिद्ध प्रेमले प्रेम गर्नुभयो भने ता – अनि उहाँ यसो गर्नुहुन्छ नै – उहाँले कुनै खराब कुराले हामीलाई हानि पुऱ्याउन दिनुहुन्न। यसैले डराउनुपर्ने कुनै कुरा रहेन।' अनिता र लुसियान् केही बेरसम्म गम्दै बसिरहे; त्यसपछि एक-अर्कालाई हेरेर उनीहरू मुसुक्क हाँसे। तब अनिता दराजनेर गइन् र ख्रीष्टमसको भालु झट्टै निकालिन्, यसलाई भाँचेर आधा-आधा पारेर मिलापको सौगात-स्वरूप आधीचाहिँ लुसियान्लाई दिइन्। उनीहरू आ-आफ्ना मुढ़ामा बसिरहे; लुसियान् मक्ख पर्दै चपाइरहेको थियो, तर अनिता भने अझ गम्भीर र चिन्तित थिइन्। किनकि त्यस बेलासम्म यस सम्बन्धमा कुरा मिलाउनको निम्ति जे ठीक र उचित थियो, सो तिनले स्पष्टसँग बुझिसकेकी थिइन्, तर त्यो पूरा गर्न तिनी अझ चाह गर्दिनथिन्। लुसियान् धेरै बेरसम्म बसेन, अनि जब ऊ गइसकेको थियो, तब अनिता सुत्न जानको निम्ति उठिन्।

'अनिता!' हजुरआमा बोल्नुभयो; 'याद राख, प्रभु येशू तिम्रो हृदयभित्र आउनुभएपछि तिमीले अब तिमीलाई मन लागेको कुरा पूरा गर्नुहुँदैन, तर उहाँले तिमीलाई अह्राउनुभएको कुरा तिमीले पूरा गर्नुपर्छ।' 'हजुर, बज्यै!' अनिता खिन्न हुँदै उत्तर दिइन्। तिनी माथिको तलामा गइन्, र प्रार्थना गर्न आफ्नो खाटनेर घुँड़ा टेकेर घोप्टो परिन्। 'प्रभु येशू,' भन्दै तिनले शुरु गरिन्; 'तपाईं जे भन्नुहुन्छ, त्यही म पालन गर्न चाहन्छु। मैले साँच्चै यो कुरा स्कूल-मास्टरलाई भन्नैपर्ने हो भने मलाई साहसी बनाउनुहोस् र मेरो मनबाट डर निकाली हटाइदिनुहोस्।' हलुङ्गो हृदय लिएर अनिता पलङ्गमा चढ़िन् र एकैछिनमा मस्त निद्रामा परिन्। बिहान सबैरै तिनी बिउँझिन्। अनि त्यस अँध्यारो कोठामा तिनी निद्राले झुम्म हुँदै पल्टिरहँदा झ्यालको पर्दाको एउटा प्वालबाट तिनले उज्यालो आइरहेको देखिन्। ओछ्यानबाट फाल हानेर तिनले झ्यालका पर्दा स्याट्ट खोलिन्, र उज्यालो ह्वात्तै भित्र आयो। उज्यालोसित बिहान सखारैको मीठो, चिसो ताजापनले यस सानो, अँध्यारो कोठा भरियो। हो, कुरा हजुरआमाले भन्नुभएजस्तै नै छ, अनितालाई निश्चय

लाग्यो। लुसियान्लाई घृणा गरिरहनु आफ्नो मनलाई अँध्यारो पार्नु नै हो र आफ्नो गल्ती मानिलिनुदेखि डराउनु पनि मनलाई छोप्ने छायाजस्तै छ। तर प्रभु येशूलाई हृदयभित्र आउन दिनुचाहिँ झ्यालका पर्दा खोल्नु जस्तै छ। त्यसपछि अलिक खोच्याउँदै तिनले कपड़ा लगाइन् र भान्सा-कोठातिर गइन्, जहाँ हजुरआमाले कफी पकाउँदै हुनुहुन्थ्यो।

'बज्यै,' तिनले दह्रो स्वरमा भनिन्, 'आज बिहान गएर म स्कूल-मास्टरलाई भेट्न चाहन्छु।' 'यो सब कुरा किन भएको हो?' तिनको बुवाले भन्नुभयो; उहाँले आफ्ना जुत्ताबाट ढक-ढक हिउँ टकटकाउँदै हुनुहुन्थ्यो। 'अनिता स्कूल-मास्टरलाई भेट्न चाहन्छिन् भने तिनी मसँगै तल आउन सक्छिन्, म आज खच्चर-गाड़ामा चीजहरू हालेर तल रेलमा लाँदैछु। म अनितालाई स्कूल-मास्टरको घरमा पुगेर त्यहाँ छोड्नेछु र स्टेशनबाट फर्केर आउँदा तिनलाई त्यहाँबाट उठाएर ल्याउनेछु।' अनिताको अनुहार उज्यालो भयो। यदि तिनले अर्को मौकाको लागि पर्खिनुपर्नेथियो भने त तिनलाई फेरि डर र छटपट लाग्न थाल्नेथियो होला। खच्चर-गाड़ामा तिनी बुवाको साथमा बस्दैथिइन्; तिनका पछिल्तिर चीजहरू लड़िरहेका थिए र साथमा एउटा रुमालमा नूहको जहाजका जनावरहरू राम्ररी बेरिएका थिए; तिनलाई त्यति रमाइलो लाग्दैनथियो। तिनले स्कूल-मास्टरलाई के भन्नेथिन् होला, त्यसको कल्पनासम्म पनि तिनी गर्न सक्दिनथिन्। तिनीसँग उनी साह्रै रिसाए भने तिनी के गर्ने? उनी सजिलैसँग यसो गर्न सक्नेथे। 'तिमीले कुन कामले स्कूल-मास्टरलाई भेट्न खोजेकी?' बुवाले अचानक सोध्नुभयो; 'गर्ने पाठहरू कुनै पनि नभएर तिमीलाई दिक्क लाग्यो कि?'

अनिताले आफ्नो शिर बुवाको कोटमाथि झुकाइन्। 'होइन,' तिनले लजाउँदै जवाफ दिइन्; 'यस्तै एउटा कुरा छ, जो म उनलाई भन्न चाहन्छु; एउटा गोप्य कुरा, पापा!' तिनले आफ्नो हात लगाम उठाएको उहाँको हातमा खुसुक्क घुसारिन्; उहाँ एउटा असल, विवेकी मानिस हुनुहुन्थ्यो; यसैले उहाँ मुस्कुराउनुभयो र अरू प्रश्न सोध्नुभएन। आफ्ना छोराछोरीहरूलाई पाल्न आफ्नो थोरै बारीबाट पुग्ने गरी कमाइ गर्न बिहान सबेरैदेखि राति अबेरसम्म खूब खटेर काम गर्ने उहाँ एउटा साह्रै ब्यस्त मानिस हुनुहुन्थ्यो। उनीहरूसँग गम्भीर कुरा

गर्ने फुर्सद पनि प्राय: उहाँलाई हुँदैनथ्यो। उहाँले त्यो हजुरआमालाई नै छोड़िदिनुभएको थियो। तर उनीहरूले के सोचिरहेका छन् भन्ने उहाँ उनीहरूका अनुहारहरू हेरेर र उनीहरूका गफगाफ सुनेर नै प्राय: थाहा पाउनुहुन्थ्यो। गाईको गोठ र बनजङ्गलको सुनसानमा उनीहरूका निम्ति काम गर्नुहुँदा उहाँ उनीहरूको बारेमा विचार गर्नुहुन्थ्यो र उनीहरूका निम्ति प्रार्थना गर्नुहुन्थ्यो। केही समय अगाड़िदेखि आफ्नी सानी छोरी दु:खित भइरहेकी थिइन्, तर हालैमा केही न केही भएको थियो भन्ने उहाँलाई थाहा थियो। किनकि तिनी आनन्दित र शान्त थिइन्; अनि यो देखेर उहाँ पनि आनन्दित हुनुहुन्थ्यो।

स्कूल-मास्टरको सेतो घर आँखाको सामु नआएसम्म घच्याक-घच्याक हुँदै बाटोमा उनीहरू चुपचापसित अघि बढ़े। 'तल ओर्ल, तिमी!' बुवाले भन्नुभयो; 'आधा घण्टामा म तिमीलाई लिन फर्किआउनेछु ल।' खच्चर डुल्की चालमा अघि बढ़्यो; अनिताको मुटु छिटो-छिटो ढुक-ढुक गरिरहेको थियो। तिनी स्कूल-मास्टरको घरमा पुऱ्याउने गोरेटो भएर आँगनमा आइपुगिन् र ढकढक गर्ने साहस नगरीकन धेरै बेरसम्म ढोकाको सामु उभिन्। स्कूल-मास्टरले झ्यालबाट तिनलाई देखेर तिनले ढकढक नगरे पनि ढोका नखोलेका भए फेरि घर फर्किने बेलासम्म तिनी त्यहाँ उभिइरहनेथिन् होला। 'भित्र आऊ, भित्र आऊ!' दयालु स्वरमा भन्दै उनले तिनलाई त्यस सानो कोठाभित्र स्वागत गरे, जुन कोठामा उनीहरू धेरै पल्ट बसेका थिए, र सँगै पाठहरू गरेका थिए। स्कूल-मास्टर आफ्ना विद्यार्थी केटाकेटीहरूलाई माया गर्थे, र बिदाको बखतमा तिनीहरूलाई देख्न नपाउँदा उनी तिनीहरूको चाह गर्थे; यसैले तिनीहरूले उनलाई कहीं भेट्दा बोलाउन खूब मन पराउँथे। अनिता सरासर टेबिलतिर गएर आफ्नो रुमाल खोलिन् र सानो नूहको जाहजका जनावरहरू लाइन-लाइनमा मिलाएर राखिन्।

'यिनीहरू लुसियान्ले बनाएको,' तिनले दह्रो आवाजमा घोषणा गरिन्; 'यी कति राम्रा छन्, होइन र?' स्कूल-मास्टरले तिनीहरूलाई टप्प टिपेर खूब चाख मान्दै नियालेर हेरे। 'यिनीहरू त खूब सुन्दर प्रकारले बनाइएका छन्,' उनले जवाफ दिए; 'यी त ऊजस्तै सानो उमेरको केटोको लागि साँच्चिकै एकदमै उत्तम छन्। यसो हो भने यस

धन्दाले उसले छिट्टै आफ्नो जीविका चलाउन सक्छ। उसले यति राम्रो गरी कुँद्न सक्छ भन्ने मलाई कुनै ख्यालै थिएन। हस्तकला प्रतियोगितामा उसले किन भाग लिएन त?' 'उसले भाग लिन खोज्यो,' अझ दह्रोसँग अनिताले जवाफ दिइन्; 'त्यही विषयमा तपाईंलाई केही कुरा बताउन म आएको। उसले एउटा सानो घोड़ा कुँदेर बनाएको थियो; अनि उसले नदेखेको बेलामा मैले त्यो टुक्रा-टुक्रा पारिदिएँ; किनभने दानिको खातिर म ऊसित खूब रिसाएकी थिएँ। तर अब त मलाई दुःख लागेको छ; र अब यी सब कुराहरू तपाईंले थाहा पाउनुभएपछि मेरो एउटा प्रश्न रह्यो: के उसलाई दिन सक्ने कुनै पुरस्कार छ?'

स्कूल-मास्टर गम्भीर हुँदै तिनीमाथि आँखा लगाएर हेरिरहे। तिनका गालाहरू लाजले राता थिए र तिनका आँखा भुइँमा अड़िएका थिए। 'मसँग त अरू कुनै पुरस्कार छैन,' स्कूल-मास्टरले अन्तमा भने; 'जम्मा दुईटा थिए; एउटा पियरलाई र अर्कोचाहिँ तिमीलाई दिइयो।' 'त्यसो भए लुसियान्ले पयरलाई दिइएकोचाहिँ पाउनुपर्छ। त्यो पुरस्कारचाहिँ सबभन्दा राम्रो गर्ने केटोको लागि थियो, र लुसियान्को कला पियरको भन्दा कता हो कता राम्रो थियो।' 'ओहो, हुँदैन!' स्कूल-मास्टरले जवाफ दिए; 'हामी त्यसो गर्न सक्दैनौं। पियरले नियमबमोजिम नै पुरस्कार जित्यो नि। हामीले उसको पुरस्कार खोस्नुहुँदैन। साँच्ची नै लुसियान्ले एउटा पुरस्कार पाएको तिमी चाहन्छौ भने तिमीले आफ्नोचाहिँ उसलाई दिनुपर्छ। उसले त्यो पुरस्कार गुमाएको - यो तिम्रै गल्ती थियो, हो कि होइन?' 'हो,' अनिताले जवाफ दिइन्, अनि चुप लागेर तिनी केही समय विचार गर्दै बसिन्। तिनको पुरस्कारचाहिँ स्वीजरल्याण्डमा भएका सब हिमालका फोटोहरूले भरिएको एकदम राम्रो किताब थियो। यो त नरम कागजले बेरिएर तिनको दराजको घर्रामा परेको थियो। तिनीसँग भएको सबभन्दा बहुमूल्य वस्तु यही नै थियो। अवश्य पनि तिनी सजिलैसँग यो कुरा इन्कार गर्न सक्नेथिन्। लुसियानलाई यो दिनको निम्ति स्कूल-मास्टरले पनि तिनलाई कहिल्यै कर गर्नेथिएनन् भन्ने तिनलाई थाहा थियो। तर हजुरआमाले त सिद्ध प्रेमको विषमया कुरा गर्नुभएको थियो। प्रभु येशू आफ्नो सिद्ध प्रेमको साथमा तिनको हृदयमा वास गरिसक्नुभएको थियो। तिनले कुनै चीज

बाँकी राखेको उहाँ चाहनुहुन्नथ्यो। 'ठिक्कै छ,' अनिताले अन्तमा भनिन्।

'स्याबास!' स्कूल-मास्टरले जवाफमा भने, र उनका आँखामा विजयको उल्लासमय चमक थियो; किनभने यी अल्प समयभित्र अनिताले एउटा ठूलो लड़ाइँ जितेकी थिइन् भन्ने उनले थाहा गरे। 'जब फेरि स्कूल लाग्छ, तब त्यो किताब तिमीले मकहाँ ल्याउनू ल, र म त्यो उसलाई कक्षामा दिनेछु, अनि अरू सब केटाकेटीहरूले उसका कलाहरू देख्नेछन्।' 'हुन्छ,' अनिताले भनिन्, अनि लाज मान्दै तिनले उनको अनुहारतिर आफ्ना आँखा उठाएर उनले तिनीसित रिसाए कि के हो, सो कुरा जान्न खोजिन्; तर तिनीतिर हेरेर उनी मुस्कुराए। तब ती वृद्ध स्कूल-मास्टरले तिनलाई पहिले जति माया गर्थे, उनले तिनलाई अहिले पनि त्यति नै माया गर्दा रहेछन् भनेर तिनले निश्चिन्त थाहा गर्दै बिदा भइन्।

घर फर्कंदा रित्तो खच्चर-गाड़ा हिउँमा घच्याक-घच्याक हुँदै उकालो लागेको थियो। फेरि घरमा पुगेपछि अनिता सिँढ़ी चढ़िन् र बरण्डामा उभिइन्; तब दानिएल आफ्ना हातमा बिरालोका बच्चाहरू बोकेर आयो र तिनको छेउमा उभियो। तिनीहरूको पछिल्तिर हजुरआमा भान्सा-कोठामा खाना पकाउँदै हुनुहुन्थ्यो र तिनको अघिल्तिर राम्रो घाम लागेको थियो। 'आज बिहान त बेंसीभरि छाया नै छायाले ढाकेको थियो,' अनिताले मनमनै विचार गरिन्; 'तर अहिले यस घामको उज्यालोले प्रखर टल्केको छ।' प्रभु येशू तिनको हृदयमा आउनुभएको कुरा ठीक त्यस्तै रहेछ; किनकि उहाँले तिनलाई प्रेम, ज्योति र साहसले भर्नुभएको अनुभव तिनले गरेकी थिइन्।

# २०

# लुसियान्लाई एउटा विचार आउँछ

लुसियान् हलुङ्गो पाइला चाल्दै उकालो लाग्यो; अनि अनिता उसको छेउमा साथमा हिँड्न्। यसअघि कहिल्यै उनीहरू स्कूलबाट घरतिर सँगै हिँड्का थिएनन्, तर अहिले त कुरा बेग्लै थियो। लुसियान्को लागि यो बिहान साह्रै उमाङ्गको भएको थियो। यस सम्बन्धमा किन–कसो केही नभनीकन अचानक स्कूल–मास्टरले के कुरा बताए भने – उनले बिदाको अवधिमा यस्तो सुन्दर काठे हस्तकलाको काम देखेका थिए; यसैले उनले अर्को पुरस्कार पनि दिने निर्णय गरेका थिए। सबैलाई तीन छक्क पऱ्यो; किनकि त्यो पुरस्कार लिन लुसियान्लाई बोलाइयो। स्कूल–मास्टरले सब नालीबेली बताउने होलान् भन्ने डर अनितालाई लागेको थियो। तर जब उनले यस विषयमा कुनै कुरा गरेनन्, तब तिनी मनमा ढुक्क भएकोले झन्डै बेहोश नै भइन्। त्यसपछि साना काठका जनावरहरूको वरिपरि सब विद्यार्थी केटाकेटीहरू वाह–वाह भन्न गुरुप्प भेला भए। अनि टाटे अनुहार भएको पियरले अरूले भन्दा ठूलो स्वरले वाफ् रे वाफ् गर्दै तिनीहरूको तारिफ गऱ्यो। ती

ढिलो बुझाइए, यो उसको भाग्य थियो, नत्र ता उसले पक्का पनि त्यो पुरस्कार जित्नेथिएन। सबैजनाले उसको कुरामा सही थपे। त्यसपछि सबैले उसको किताब हेर्ने मन गरेका थिए, अनि केटीहरूले चिच्याएर यसो भनेका थिए: 'अचम्म! यो त अनिताको किताबजस्तै छ त!' तब अनिताले असजिलो मान्दै कहिले उसले 'यो अनिताकै किताब हो' भन्छ भनेर पर्खेकी थिइन्। तर लुसियान्ले यति मात्र भन्यो: 'हो र?' अनि कसैले नहेरेको बेलामा उसले अनितातिर झिमिक्क गरी आँखाले इसारा दियो। स्कूल सकेपछि जब उनीहरू अरू सब केटाकेटीहरूको दृष्टिबाट पर पुगी एक्लो भए, तब उसले त्यो किताब तिनीतिर थमायो। 'पुरस्कार पाएर साह्रै राम्रो लाग्यो,' उसले भन्यो; 'तर यसलाई म राख्न चाहन्नँ – साँच्चै हो, अहँ, म चाहन्नँ, अनिता। यो तिम्रो किताब हो, अनि यसलाई तिमीबाट खोसेर लिन मलाई विरक्त लाग्छ।'

अनिताले आफ्नो टाउको हल्लाइन्। 'अहँ, तिमीले नै यो राख्नुपर्छ,' तिनले भनिन्; 'अबदेखि उसो यो तिम्रो किताब हो।' 'अँ,' लुसियान्ले भन्यो; 'खास गरी यो किताब हामी दुवैको हो; यसकारण मलाई लाग्छ, हामी दुवैजनाले यसलाई साझा ठान्नु राम्रो हुन्छ। मानौं, यो महिना किताब मसँग हुन्छ भने अर्को महिना तिमीसँग, त्यसपछिको महिना फेरि मसँग।' अनिता उज्याली भइन्; किनकि तिनी साँच्चै आफ्नो किताब औधी चाह गर्थिन्। 'हुन्छ,' अनिताले जवाफ दिइन्; 'हरेक महिनाको पहिलो दिन हामी किताब साट्नेछौं ल।' 'यस मुढ़ाको थुप्रोमा बसौं र यसलाई हेरौं न' लुसियान्ले भन्यो। अनि उनीहरूले काठका मुढ़ाहरूबाट हिउँ बढ़ारेर फाले र बसेर पानाहरू पल्टाउन थाले; किनकि लुसियान्ले यो किताब पहिले कहिल्यै देखेको थिएन। ऊ हिमालहरूसँग लालायित थियो र धेरै पल्ट पर्वतआरोही किताबहरू पढ़ेको थियो। यसैले ती हिमालहरूमाथि चढ़्ने विभिन्न तरिका उसले अनितालाई देखायो। तातो मध्यान्हको घामले उनीहरूलाई ताप दिइरहँदा त्यहाँ सेता टाकुराहरू र नीला आकाशमनि उनीहरू धेरै बेरसम्म बसे। फोटोहरू हेर्दा उनीहरूलाई यति रमाइलो लागेको थियो कि 'अनिता, बज्यैले भन्नुभाको, म आएर तिमीलाई भेट्न सक्छु रे; अघिदेखि नै खाना तयार भएको र मैले त खाइसकें' भन्दै गरेको

मसिनो स्वर उनीहरूको छेवैमा नआएसम्म खाना खान ढिलो भएको नै उनीहरूले भुसुक्कै भुले।

त्यो त दानिएल रहेछ जो आफ्ना बैसाखीहरूमा पूरा बलले भार पारेकोले रातो र थकित भएको थियो। काम बिराएझैं अनिता मुढ़ाको रासबाट फाल हानिन्। 'दानि!' तिनी चिच्च्याएर भनिन्; 'यति ओरालोसम्म तिमी आउनुहुँदैन। तिमी कसरी फर्केर जान सक्छौ? हामी तुरुन्तै घर जानुपर्छ।' उनीहरू बिस्तारै सड़क उक्लन थाले, तर दानिएल एकदम थाकेको थियो। यसभन्दा अघि ऊ आफ्ना बैसाखीहरू लिएर यति टाढ़ासम्म एक्लै कहिल्यै आएको थिएन। तर उसले आफ्नी दिदीलाई अर्कोचाहिँ घुम्तीमा त देख्छु होला भनेर सोच्दै ऊ अघि बढ़ेको थियो। आखिरमा लुसियान्ले उसलाई जुरुक्क उठाएर उसलाई बोक्यो, अनि अनिताले चाहिँ बैसाखीहरू बोकिन्। लुसियानले उसलाई घरको ढोकाको सामुसम्मै बोकेर पुऱ्यायो, तर कोही पनि बोलेन। एक खालको अँध्यारो छाया लुसियान् र अनिताको बीचमा आएको थियो; किनभने जति नै उनीहरूले झगड़ाको तानाबाना गरे पनि दानिएल अझ लङ्गड़ै थियो र उनीहरूको विचारमा, कुनै कुराले पनि उसलाई आफ्नो खुट्टा सद्दे हुन दिनेथिएन।

'मेरो खुट्टा एकदम दुख्छ,' तिनी सिँढ़ीमाथि चढ़ेर दानिएललाई बोक्दै गर्दा उसले तिनलाई यसो भन्यो; 'मलाई मेरो ओछ्यानमा राखिदेऊ, अनिता!' अनिताले उसलाई आफ्नो पलङमा पल्टाइन् र उसलाई उसका सबै बिरालाहरू ल्याएर खेल्न दिइन्। त्यसपछि तिनी बसेर आफ्नो कचौरामा आलुको चिसो सुरुवा खाइन्। बुवाचाहिँ काममा गइसक्नुभएको थियो, र हजुरआमाचाहिँ तिनलाई यति ढिलो गरेकोमा हप्काइसकेर भान्सा–कोठामा जानुभयो, जहाँ एकैछिनपछि अनिता उहाँसँग जुटिन्। हजुरआमा दूधका भाँड़ाहरूबाट नौनी निकाल्दै टेबिलनेर उभिइरहनुभएको थियो र अनिता उहाँलाई सघाउन लागिन्। 'के भयो, अनिता?' हजुरआमाले अचानक सोध्नुभयो; 'तिमी बेखुशी देखिन्छ्यौ नि!' अनिताले धेरै बेरसम्म जवाफ दिइनन्; त्यसपछि तिनले भनिन्: 'बज्यै, तपाईंले भन्नुभयो, मैले प्रभु येशूलाई आफ्नो हृदयभित्र बोलाएँ भने उहाँले मलाई बदली गरेर लुसियान्लाई माया गर्ने तुल्याउनुहुनेछ,

अनि गएको हप्तामा यस्तै भयो। तर अहिले जब म दानिको खुट्टा यसरी बल्झिरहेको देख्छु, र ऊ पहिले कति तगड़ा भएको सम्झन्छु, तब सारा दुष्ट विचारहरू फर्केर आउन खोज्छन्।'

'हो,' हजुरआमाले भन्नुभयो, 'ती किन नआउने र? तिम्रो जीवनभरि नै हरेक दिन दुष्ट, रिसाहा र स्वार्थी विचारहरूले तिम्रो हृदयको ढोकामा ढकढकाउन आउँछन्, र फेरि भित्र पस्न खोज्छन्। तिनलाई आफ्नो बलले धकेल्ने कोशिश नगर। प्रभु येशूलाई विन्ती गर, उहाँले तिमीलाई सहायता गरून् र तिमीलाई आफ्नो प्रेमले भरिदिऊन्। हरेक दिन आफ्नो पवित्र बाइबलमा प्रभु येशूको प्रेमको विषयमा पढ़; तब तिमीले आफ्नो हृदय यस प्रेमले पूरा भरिराख्छ्यौ भने त्यहाँ ती दुष्ट विचारहरूको लागि बस्ने कुनै ठाउँ नै रहनेछैन।' 'खास गरी पवित्र बाइबलमा कहाँनेर?' अनिताले सोधिन्। 'बाइबलभरि नै,' हजुरआमाले जवाफ दिनुभयो; 'प्रभु येशूको जीवनका सब घटनाहरूमा ध्यान दिएर आफ्नै निम्ति पढ़, र उहाँले सारा जाति-जातिका मानिसहरूलाई कसरी प्रेम गर्नुहुन्थ्यो, यस सम्बन्धमा विचार गर; अनि याद राखः तिमीले प्रभुलाई आफ्नो हृदयभित्र बोलाउँदा त्यही प्रेम तिम्रो हृदयभित्र आयो।' 'हो,' अनिताले जवाफ दिइन्, र मनमनमा तिनले यसो विचार गरिन्: 'आज नै म यसो गर्न शुरु गर्छु; अबदेखि हरेक दिन म बिहानै उठ्दा प्रभु येशूले कसैलाई प्रेम गर्नुभएको एउटा खण्ड पढ्छु।'

लुसियान् पनि सोच्दै-सोच्दै घर गएको थियो। थकित भएको दानिएललाई देख्नाले उसलाई खिन्न बनाएको थियो। अनिताको लागि त सब मिलेको थियो; किनकि जुन कुराहरू अनिताले बिगारेकी थिइन्, तिनले यी सब गल्ती मिलाएर ठीक पारेकी थिइन्, तर उसले त कहिल्यै पनि दानिएलको खुट्टा ठीक पार्न सक्दैनथियो। अनिताले उसलाई किन क्षमा गरेकी होलिन्, र तिनी कसरी यति फरक भएकी होलिन्? भन्दै उसले सयौं चोटि प्रश्न गर्‍यो। शुरुमा त उसलाई के लागेको थियो भने - उसले तिनलाई हिउँमा भेट्टाएको कारणले यसो भएको थियो; तर अहिले उसलाई थाहा भयो: होइन, त्योभन्दा बढ़ी भएको हुनुपर्थ्यो। अनिताले प्रभु येशूको निम्ति आफ्नी हृदयको ढोका खोलेकी कुरा गरेकी थिइन्; अनि हजुरआमाले प्रभु येशूको प्रेमले स्वार्थी र निर्दयी

भावहरू कसरी बदली दिन्छ, यस विषयमा केही कुरा बताउनुभएको थियो। माथि पहाड़े बूढ़ाले पनि कृपा र क्षमादानको विषयमा कुरा गरेका थिए। जे भए पनि, हृदयको ढोका खोल्ने कुराले अनितालाई निक्कै बदली गरेको थियो। तिनी त साह्रै घमण्डी र अरूलाई क्षमा नदिने खालकी थिइन्; तर अहिले आएर तिनी नम्र र दयालु भएकी थिइन्। यस कुराले प्रभु येशू केवल धेरै वर्षअघि बाइबल-कथाहरूमा जिउनुभएको व्यक्ति हुनुहुन्न रहेछ, तर अहिले पनि काम गर्ने साँचो प्रभु हुनुहुँदो रहेछ भनेर सोच्न लुसियानलाई बाध्य बनायो।

ऊ बिस्तारै हिँड़िरहेको थियो, तर ऊ झण्डै-झण्डै घरमा पुगिसकेको थियो। बीस मिनेटअघि, जब ऊ र अनिता सँगै मुढ़ाको थुप्रोमा बसेका थिए, त्यस बेला आकाश नीलो र वातावरण शान्त थियो, तर अहिले हिमालहरूको पछाड़िबाट ठूला-ठूला बादलहरू थुप्रिरहेका थिए, र एउटा चिसो सिरेटो हुत्तिन थालेको थियो। 'हिउँ ल्याउने बतास बहँदैछ,' लुसियान्ले मनमनै भन्यो; 'आज राति एउटा आँधी चल्नेछ।' गाईहरू अधीर हुँदै उर्लेर आएको हुरीको सुसावटमा आ-आफ्ना ठाउँमा थपथपाइ रहेका थिए। लुसियान् फटाफट ढोकाबाट भित्र पस्यो र आफ्नी आमाकहाँ सामेल भयो, जो खाना खाँदैथिइन्। 'यता आऊ,' उसकी आमाले भनिन्; 'तिमी ढिलो भयौ। आज मध्यदिनदेखि साँझसम्मको कक्षा नभएकोमा मलाई खुशी लाग्छ; किनभने धुम्म बादल लागिराखेको छ, अनि मेरो विचारमा, चाँड़ै हामी आँधीको बीचमा छौं; तिमीसँग भएको त्यो किताब के हो नि?' 'यो एउटा पुरस्कार हो,' लुसियान्ले जवाफ दियो; 'मैले कुँदेर बनाएको काठको कलाको खातिर स्कूल-मास्टरले यो मलाई दिएको; मैले बिदामा कुँदेको कुनै थोक उनले देखेकोले।' 'ओह, उनले यसो गरेको कति राम्रो!' उसकी आमाले भनिन्; 'के उनले त्यो टुक्राटुक्रा भएको अर्कोचाहिँको बारेमा थाहा पाए त?' 'हो,' लुसियान्ले जवाफ दियो, र कुरा अन्तै मोड़्यो। असजिला प्रश्नहरूको जवाफ दिन ऊ चाहँदैनथियो। ऊ अनिताको कुरा गुप्य राख्न खोज्दैथियो।

एउटा फैलाइएको पत्रिकामाथि निहुरेर कुनै काठको टुक्रा चोइट्याउँदै ऊ बैठक-कोठामा बस्यो। उसकी आमा भान्सा-कोठामा

बसेर इस्त्री लगाउँदैथिइन्; ऊ एक्लै थियो। उसका विचारहरू फेरि अनितातिरै फर्केर जाँदैथिए। 'मैले प्रभु येशूलाई हृदयभित्र बोलाएँ,' योचाहिँ अनिताको भनाइ थियो, र हजुरआमाले यस सम्बन्धमा पवित्र बाइबलका केही पद पढ्न लगाउनुभएको थियो। शायद उसले यी पदहरू भेट्टाउन सक्नेथियो होला। किनकि ती पद फेरि पढ्न उसलाई खूब मन लागेको थियो।

दराजनेर गएर उसले धुलाम्मे पुरानो बाइबल झिक्यो। उसकी आमाले प्राय: बाइबल पढ्दिनथिन् र जति उसले यस विषयमा स्कूलमा सिकेको थियो, उसलाई त्यति नै थाहा थियो। उसको विचारमा, हजुरआमाले पढ्न लगाउनुभएका पदहरू यतै कतै किताबको अन्तिमतिर थिए क्यारे। ऊ सरसरती हेर्दै गयो, अनि प्रभु येशूको सुसमाचारका पुस्तकहरू भेट्टायो, जहाँ उसले स्कूलमा सुनेका कथाहरू उल्लेख गरिएका थिए, जस्तै उहाँले कसरी अन्धाहरूलाई देख्ने बनाउनुभयो, कोरीहरूलाई निको पार्नुभयो र मरेकाहरूलाई जीवित तुल्याउनुभयो। अँ, उहाँले एउटा लङ्गड़ा मानिसलाई हिँड्ने बनाउनुभएको घटना समेत त्यहाँ उल्लेख थियो। ठीक छ, प्रभु येशू आज पनि साँच्चै जीवित हुनुहुन्छ भने र अनिताको हृदय बदल्नुभएको थियो भने अवश्य उहाँले दानिएललाई पनि हिँड्ने तुल्याउन सक्नुहुनेछ।

एउटा फुच्चे केटो हुँदा देखि नै लुसियान्ले कहिल्यै प्रार्थना गरेको थिएन; कहिलेकहीं मात्र उसले आमाको सामु प्रार्थना गरेको थियो। तर अहिले ऊ गाईको गोठतिर फुत्त निस्क्यो र छिटो-छिटो बुइगलतिर चढ़ेर त्यही ठाउँमा घुँड़ा टेक्यो, जहाँ अघिल्ला महिनाभरि ऊ लुकेको थियो र नमीठोसँग रोएको थियो। प्रभु येशूको निम्ति हृदयको ढोका खोल्नु भनेको के हो, सो उसले अझ बुझेको थिएन, तर परमेश्वर नजिकै हुनुहुन्छ र उसको प्रार्थना सुन्नुहुन्छ भनी उसले अब विश्वास गर्‍यो। तब उसले आफ्नो सारा हृदयले यसो भन्दै प्रार्थना गर्‍यो: जसरी पवित्र बाइबलको समयमा परमेश्वरले मानिसहरूलाई निको पार्नुभयो, त्यसरी नै उहाँले अहिले दानिएललाई निको पार्नुभएको होस्, र उसलाई फेरि राम्ररी हिँड्ने बनाइदिनुभएको होस्। ऊ त्यहाँ निक्कै बेरसम्म बसिरह्यो, त्यसपछि ऊ तल झरेर गाईहरू दुहुयो। दूधले

भरिएका बाल्टीहरू लिएर ऊ पारि घरमा पस्न खोज्ने विचारले जब उसले गोठको ढोका खोल्यो, तब हुरीले हुत्त्याएको, तेर्सो आइलागेको हिउँले उसलाई झण्डै पछार्‍यो। साँझ परेको बेलामा चिन्तित भएकी उसकी आमा झ्यालबाट बाहिर हेर्दैथिइन्। 'साँच्चिकै ठूलो आँधी चल्दैछ,' उनले भनिन्; 'आँधी चल्दा बाल्ने लालटिन लिएर तिम्री दिदीलाई भेट्न जाऊ; कति छिट्टै अँध्यारो भएको छ!' तर त्यही घड़ी नै ढोका ध्वाङ्ङ खुल्यो, र आफ्नो टाउकोमा जमेको र आफ्नो कोटभरि टाँसेको हिउँ लिएर आएको मेरी ढोकानेर स्वाँ-स्वाँ गर्दै र हाँस्दै उभिइन्। 'बाफरे! उकालो आउँदा त हुरीसँग कस्तो लड़ाइँ भयो!' स्वर रोक्दै-रोक्दै भनेर उनले आफ्ना चिसा कपड़ाहरू टकटक्याइन् र आफ्ना जुत्ता फेरिन्; 'म खूब थाकें। लुसियान्, तिमी किन लालटिन लिएर मलाई भेट्न आएनौ? आमा, के खाना तयार छ? मलाई खूब भोक लागिराखेको छ।'

उनीहरू टेबिलमा बसे; राता न राता गाला भएकी मेरीचाहिँ खूब खुशी भई परर बोलिरहेकी थिइन्। 'आज मेरो कस्तो दिन थियो!' उनले ठूलो स्वरले कराउँदै भनिन्; 'दिनभरि नै मानिसहरूले होटेलमा आवत-जावत गरिरहेका थिए। यस्तो मौषममा तिनीहरूले कुनै हिउँदे गतिविधि गर्न पाउनेछैनन्, विचराहरू! मेरो त खुट्टाहरू नै झर्ला जस्तो भएको। तर साँझमा मैले राम्रो बक्सिस पाएकी छु नि। हेर्नुस्, आमा!' उनले एउटा सिक्का थुतेर आफ्नी आमालाई थमाइदिइन्। खुशीले दङ्ग परेकी आमा मोरेलले त्यो लिइन्। आसपासका अरू छिमेकीहरूलाई जस्तै उनलाई पनि आफ्ना थोरै बारीबाट जीविका चलाउनु गाह्रो भइरहेको थियो; मेरी आफ्नो तलब घरमा ल्याउने गर्थिन्। उनी एउटी राम्री केटी थिइन्। 'यो सब कसले दियो, तिमीलाई?' आमाले सोधीखोजी गरिन्। 'अहो, बड़ा गजबका मानिसले!' भन्दै मेरी कराइन्, 'अनि मेरो ख्यालमा, उनको नाम खूब चलेको पनि हो। खाना खाने बेलामा मालिक्नीले उनको बारेमा मलाई बताउँदैथिइन्। उनी एकदम निपुण डाक्टर हुन्; हाड़ भाँचिएकाहरू प्रायः सबलाई उनले निको पारिदिन सक्छन् रे। लेमो-तालनेर उनकै अस्पताल छ; उनीकहाँ सारा

स्वीजरल्याण्डबाट नै मानिसहरू जान्छन्, र उनले तिनीहरूलाई निको पारिदिन्छन् रे।'

उत्तेजित भएको लुसियान्को घाँटीमा निल्न लागेको गाँस अड्कियो। ऊ टेबिलमा हात टेकेर मेरीतिर ठाउँ सर्‍यो। 'मेरी!' ऊ बोल्न थाल्यो; 'के उनले सानो दानि बर्नियरलाई निको पार्न सक्नेथिए?' झसङ्ग हुँदै मेरीले ऊतिर आँखा तरेर हेरिन्। लुसियान् अझ पनि दानि बर्नियरको विषयमा चिन्ता गर्दैथियो भन्ने उनलाई थाहै थिएन। 'त्यो मलाई थाहा छैन,' उनले दयालु स्वरमा जवाफ दिइन्; 'दानिलाई लगेर डाक्टर गिभेलाई देखाउन चाहेमा उनीहरूले उसलाई लेमो–तालमा भएको अस्पतालमै लैजानुपर्छ। तर यसो गर्न उनीहरूसँग कहिल्यै पैसा नै हुँदैन। यस्ता नाम चलेका मानिसहरूले ठूलो–ठूलो शुल्क लिन्छन्, लुसियान्; मेरो सोचाइमा, बर्नियरका सबै गाईहरू एकैमुष्टि गरेजति नै।' तल तालनेर!? लुसियान्ले कहिल्यै आफ्नो बेंसी छोड़ेको थिएन; उसलाई यो त संसारको पल्लो पट्टिजतिकै टाढ़ा लाग्दथ्यो। उसले फेरि एकपल्ट यसो भन्दै आफ्नी दिदीलाई सोध्यो: 'तर मेरी, के भोलि बिहान उनीहरूले उसलाई होटेलमा लैजान सक्दैनन् र?' 'उनी त सबेरैको रेलमा हिँड्दैछन्; उनका सबै गुन्टासामानहरू आज राति नै तल झारिएका थिए।' 'तर मेरी, के उनीहरूले उसलाई आज राति नै लान सक्दैनन्?' मेरी उसको खातिर दुःखित भइन्, तर यसो भन्दै जवाफ दिइन्: 'पक्कै पनि लान सक्दैनन्, लुसियान्! यस्तो आँधीमा कसले एउटा सानो बालकलाई बाहिर लान्छ र? अन्तिम रेल घण्टौंअघि नै छुटिसक्यो। अनि यस्तै रातमा भन्ज्याङ्गको सड़क बन्द हुन्छ। अहँ, त्यो गल्छी पार गर्न असम्भवै छ। यो कुरा छोड़ेर, मैले तिमीलाई भनिसकें, उनीहरूसँग पैसा छैन। दानि बर्नियरको विषयमा चिन्ता गर्न छोड़िदेऊ, लुसियान्! उसलाई चोट पुर्‍याउन तिम्रो मनसाय थिएन नै; अनि ती बैसाखीसित खच्याङ–खच्याङ हिँड्न र आफ्नी हजुरआमाबाट खूब पुलपुलिन पाउँदा ऊ खुशी छ।'

लुसियान्ले अरू केही भनेन; तब उसकी दिदीचाहिँ अरू पाहुनाहरूको विषयमा गफ गर्दैगइन्, तर लुसियान्ले एक शब्दसम्म पनि सुनेन। गर्न लागेको कुरामा उसले आफ्नो मन पक्का बनाइसकेको

थियो, तर उसको बाटोमा तीनटा ठूला बाधा थिए। डाक्टरलाई दिनुपर्ने शुल्क धेरै थियो, र लुसियान्सँग एक पैसा थिएन। उसका विचारहरू पहाड़े बूढ़ातिर उड़े। उनीसँग प्रशस्त पैसा थियो; त्यो पैसा दिनको लागि उनलाई मनाउन सके त ... । गल्छी पार गर्ने बाटो शायद बन्द भएकै थियो। कम्तीमा उसले भन्ज्याङ काट्ने कोशिश गर्न सक्नेथियो। अनि यस प्रयासमा ऊ असफल हुँदो हो त उसले सकेसम्म गऱ्यो भनेर आफैलाई मनाउन सक्नेथियो। के दानिएललाई हेर्न ती डाक्टर आउनेथिए? के उनले त्यो रेल छाड्नेथिए, जसले उनलाई लेमो–तालमा भएको आफ्नो प्रख्यात अस्पतालमै पुऱ्याउँथ्यो? के परिचित नभएको एउटा केटोसँग स्थानीय रेल चढ़ेर उनी एउटा कृषकको बिरामी छोरालाई हेर्न यस्तो आँधीमा पहाड़ चढ्नेथिए र? यी बाधाहरू विचार गर्दा सब कुरा असम्भव देखिन्थ्यो; तरै पनि उनी दानिएलकहाँ आउनेथिए भन्ने एउटा झिनो आशाचाहिँ रहेको थियो: मेरीको भनाइअनुसार उनी एउटा असल मानिस हुँदा रहेछन्। 'मैले त आफ्नो खाना खाइसकें, आमा,' लुसियान्ले भन्यो; 'म माथि चोटामा जाँदैछु ल।'